#rebuildnepal2015



# नेपाल पुनर्निर्माणका विचारहरु

नागरिक समाज, समुदाय, राजनीतिक वर्ग

**जेठ २८ र २९, २०७२**

# सम्मेलन प्रतिवेधन

जेठ, २०६२

niti FOUNDATION | samriddhi THE PROSPERITY FOUNDATION

## आयोजक :

# नेपाल लिडर्स सर्कल

नेपाल लिडर्स सर्कल सुधारोन्मसख सुधारवादी सोच भएका राजनीतिक तथा व्यवसायिक  वर्गको एउटा अनौपचारिक समुह हो, जसले विगत ३ वर्षदेखि नेपालमा व्यवहारिक नीति सुधारका लागि विचार विमर्श गर्दै आएको छ ।

## आयोजक समिति:

- माननीय अभिषेक प्रताप शाह
- माननीय बिराज बिष्ट
- दिपेन्द्र टण्डन
- दिलीप अग्रवाल
- माननीय गगन थापा
- माननीय गणेशमान पुन
- खिमलाल देवकोटा
- निरञ्जन श्रेष्ठ
- माननीय रविन्द्र अधिकारी
- रविन सिटौला
- माननीय उदय शमसेर राणा
- योगेश भट्टराई

Association of Youth Organizations Nepal (AYON)

Confederation of Nepalese Industries

Federation of Nepalese Chambers of Commerce and Industry

Federation of Woman Entrepreneurs' Associations of Nepal

Nepal Economic Association

Nepal Bankers' Association

Retailers' Association Nepal

## साझेदारहरु:

samriddhi THE PROSPERITY FOUNDATION

niti FOUNDATION

## नलेज पार्टनरस् :

lead International

# विषयसूची

परिचय १

भाग १: विपदको तयारी एवं व्यवस्थापनको लागि संस्थागत संयन्त्र ३

सत्र १(क): खोज तथा उद्धार ३

सत्र १(ख): राहत अभियान ५

सत्र १(ग): विपद पश्चातको पुनर्निर्माण ६

सत्र २(क): सार्वजनिक सेवाहरूको व्यवस्थापन ९

सत्र २(ख): सार्वजनिक संरचनाको व्यवस्थापन ११

सत्र २ ग: संस्थागत समन्वय, तथ्यांक व्यवस्थापन र सञ्चार माध्यम १२

भाग २: पुनर्निर्माणको वित्तीयन, आर्थिक पुनर्उत्थान र आर्थिक वृद्धिको प्रवर्द्धन १७

खण्ड १: नेपाली अर्थतन्त्रको समिक्षा १७

क. वृद्धि र संरचना १७

ख. आर्थिक वृद्धिका चूनौतीहरू १९

ग. रोजगारीका चूनौतीहरू २०

खण्ड २: सम्मेलनको कार्यवाही २१

खण्ड ३(क): पुनर्निर्माणको वित्तीयन र पुनर्स्थापना २१

खण्ड ३(ख): आर्थिक पुनर्उत्थान-कृषि २३

खण्ड ३(ग): आर्थिक पुनर्उत्थान-व्यापार र साना तथा मझौला उद्योगहरू २७

खण्ड ४(क): आर्थिक पुनर्उत्थान-पर्यटन २९

खण्ड ४(ख): निजी लगानी वृद्धि गर्नका लागि तत्काल आवश्यक आर्थिक सुधार ३१

आर्थिक पुनर्उत्थान र वृद्धिका लागि समष्टिगत दृष्टीपरिकल्पना ३३

निष्कर्ष ३५

अनुसूची ३७

# परिचय

२०७२ साल वैशाख १२ गते नेपालको मध्यमाञ्चलमा आएको ७.८ म्याग्निच्युडको शक्तिशाली भूकम्पले गर्दा ८००० भन्दा बढी व्यक्तिको मृत्यु र अर्बौं डलर (प्रारम्भिक अनुमानको आधारमा) बराबरको धनको क्षति भएको छ । नेपालको अद्वितीय भूगर्भ, जलवायु र भौगोलिक बनावटले गर्दा यहाँका जनताहरूको जीविकामा सदैव भूकम्प, पहिरो, बाढी र आगलागी जस्ता प्राकृतिक प्रकोपहरूको उल्लेखनीय मात्रामा जोखिम रहँदै आएको छ । यद्यपि, यस भूकम्पले भने नेपाल सरकारलाई विगत केहि दशकैँ सबैभन्दा ठूलो प्रकोप सम्बन्धित चूनौती खडा गरिदिएको छ । कर्मचारीतन्त्र र राजनीतिक वर्गले क्षतिको मूल्याङ्कन, आकस्मिक उद्धार तथा राहत आवश्यकतालाई सम्बोधन गर्न र प्रभावित जनतालाई मद्दत गर्ने र अर्थतन्त्रलाई पुनर्स्थापना गर्ने उद्देश्यले वृहत पुनर्निर्माण योजना तयार गर्न सक्दो प्रयास गरिरहेका छन् ।

ठूलो मात्राको प्राकृतिक प्रकोप पश्चातको पुनर्निर्माणको प्रयासमा देशहरू कत्तिको सफल हुन्छन् भन्ने कुरा प्रायः उनीहरूको आफ्नो नागरिक समाज, समुदाय र निजी क्षेत्रको सम्भाव्यतालाई उपयोग गर्न सक्ने क्षमतासँग जोडिएको हुन्छ । उदाहरणका लागि, सन् २००१ को भूकम्पले प्रदान गरेको अवसरको प्रयोग गरी गुजरात लामो समयदेखि हुन नसकेका सुधारका कार्यक्रमहरू अघि बढाउन सफल भयो जसले अन्तत सशक्त समाज मात्र निर्माण गरेन, निजी क्षेत्रको उच्च सहभागिता भएको अझ समृद्ध समाजको पनि निर्माण गर्‍यो । विभिन्न देशमा प्रभावकारी रुपमा गरिएका विपद् व्यवस्थापनबाट हामीले सिक्नुपर्ने पाठहरू धेरै छन् । एउटै कुरा सबैका हकमा सान्दर्भिक नहुन सक्ने सम्भावना भएता पनि सफल नीतिहरूको मूलभूत आधारहरू जस्तै समुदायको सशक्त सहभागिता सुनिश्चित गर्ने र लगानीको अवसरहरू बढाउँदै निजी क्षेत्रलाई सहभागी गराउने कुराहरू नेपालको पुनर्निर्माण नीतिका लागि आधारशिला हुन सक्छन् ।

हाल नेपाल सरकारले अन्य देशहरूबाट सिक्न सकिने पाठहरू र विपद पश्चातको अवस्था व्यवस्थापन गरेका विज्ञहरूको सल्लाह सहितको योजना बनाउने प्रयासको समन्वय गरिरहेको छ । यस प्रयासलाई समर्थन गर्ने उद्देश्यले नेपाल लिडर्स सर्कलले[1] दुई दिने सम्मेलन आयोजना गर्‍यो जसले नागरिक समाजका प्रतिनिधिहरू तथा तल्लो तहसम्म पुगेर काम गरिरहेका राजनीति तथा समुदायका प्रभावशाली व्यक्तित्वहरूलाई एकै ठाउँमा ल्याएर नेपालको वास्तविक वस्तुस्थितिका बारेमा छलफल गराउने र स्थानीय सन्दर्भमा काम गर्न सक्ने उपायहरूलाई प्रकाशमा ल्याउने काम गर्‍यो । समृद्धि फाउण्डेशन र नीति फाउण्डेशनले उक्त सम्मेलनमा नलेज साझेदारको भूमिका खेल्नुका साथै जानकारी व्यवस्थापन गर्न तथा यस प्रतिवेदन तयार गर्न मद्दत गरेका थिए ।

यस प्रतिवेदनले उक्त दुई दिने सम्मेलनमा विभिन्न सहभागीहरूले अभिव्यक्त गरेका विचारहरू समेटेको छ र यसलाई दुई भागमा विभाजन गरिएको छ । सम्मेलनको पहिलो दिन विपद सम्बन्धी तयारी र व्यवस्थापन गर्नका लागि चाहिने समावेशी संस्थागत संरचना कसरी ल्याउने भन्ने बारेमा उपायहरू जुटाउनमा केन्द्रित थियो । ती छलफल र सुझावहरूलाई प्रतिवेदनको पहिलो भागमा समावेश गरिएको छ । सम्मेलनको दोस्रो दिनको छलफल अर्थतन्त्रका सबैभन्दा असर परेका क्षेत्रहरूलाई कसरी पुनर्उत्थान गर्ने, पुनर्निर्माणका प्रयासहरूका लागि आवश्यक रकम कहाँबाट जुटाउने भन्ने बारेमा र यसै प्रक्रियामा निजी क्षेत्रको लगानी वृद्धि गरी आर्थिक वृद्धिका अवसरहरू सृजना गर्ने किसिमका नीतिहरूमा केन्द्रित थियो । ती छलफल र सुझावहरूलाई प्रतिवेदनको दोस्रो भागमा समावेश गरिएको छ ।

1 नेपाल लिडर्स सर्कल नेपालको वृद्धि र समृद्धिका लागि सुधारका प्रस्तावहरूमाथि छलफल गर्न बारम्बार भेटिरहने राजनीतिज्ञ, सांसद र व्यापारिक नेताहरूको एउटा अनौपचारिक समूह हो । यसको सचिवालय समृद्धि फाउण्डेशनले सञ्चालन गर्ने गर्दछ ।

# भाग १: विपद व्यवस्थापन तथा तत्परताको लागि संस्थागत संयन्त्र

यो भाग “नेपाल पुनर्निर्माणका विचारहरू” नामक सम्मेलनको पहिलो दिन छलफल भएका विचार तथा सुझावहरूको संकलन हो र यो “विपद व्यवस्थापन तथा तत्परताको लागि संस्थागत संयन्त्र” मा केन्द्रित छ ।

## सत्र १(क): खोज तथा उद्धार कार्य

**उद्धार कार्यका बारेमा यस सत्रमा विचार-विमर्श गरिएका मुख्य मुद्दाहरू यस प्रकार छन् :**

- हालको समयमा नेपाल कृषि अनुसन्धान परिषद् बीउको प्रथकता, एकरुपता र स्थिरताको तथ्याङ्क निकाल्न जिम्मेवार छ र यो परिषद् नयाँ बाली उत्पादन (Crop breeding) र विविध बीउ निकाल्ने (Variety Releasing) प्रमुख संस्था पनि हो । यसको कारण यस संस्थाको स्वार्थ बाझिएको (Conflict of interest) देखिन्छ ९व्यकजष, ऋयलचयथ & Witcombe , 2012)।

- यस अनुसन्धान पत्रको तयारीका दौरान परामर्श दिने उद्यमीहरुले पनि नेपाल कृषि अनुसन्धान परिषद्बाट नयाँ किसिमको बीउ अनुमोदनमा ढिलाई भएकोमा गुनासो जाहेर गरेका छन् । उनीहरुका अनुसार एउटा नयाँ बीउको अनुमोदनका लागि २-३ वर्ष लाग्छ । यो समयावधी साना बीउ उद्यमीहरुका लागि उपयुक्त हुदैन ।

- राष्ट्रिय बीउ बिजन नीतिमा बीउ प्रमाणीकरणको विकल्पका रुपमा ‘truthful बिदभ्लिष्लिनुको प्रावधान छ । लागु भएको खण्डमा यो प्रावधानले बीउ उद्यमीहरुलाई अधिक लचिलोपन प्रदान गर्ने थियो । यस भएता पनि यस प्रावधानको लोकप्रियता र कार्यान्यवनमा कमीका कारणले बजार खुल्ला गर्नमा रोक लगाएको छ

प्राय:जसो वक्ता तथा सहभागीहरूले नेपालको हालको खोज तथा उद्धार सम्बन्धी प्रतिक्रिया धेरै हदसम्म प्रभावकारी रहेको धारणा व्यक्त गरे, तर प्यानलका वक्ताहरूको विचारमा यसो हुनुको पछाडि सरकारको प्रतिक्रिया संयन्त्रको तयारीले भन्दा पनि विपदको प्रकृतिले बढी महत्वपूर्ण भूमिका खेलेको थियो । सरकारले खोज तथा उद्धारका प्रयासहरूलाई सम्पन्न गर्न लागिरहँदा, विज्ञहरूले मनसुनको आगमनसँगै ठूलो मात्रामा पहिरोहरू आउने भविष्यवाणी गरिहेका छन् । यो नयाँ प्रकोप स्थानीय स्तरको हुने भएता पनि यसमा खोज तथा उद्धार कार्यको झन् ठूलो भूमिका रहने छ जसका लागि सरकारले अझ राम्रो तयारी गर्नु जरुरी छ ।

विपद व्यवस्थापनको कार्य सशक्त खोज तथा उद्धार संयन्त्रबाट सुरु हुन्छ जहाँ पहिलो प्रतिक्रिया गर्ने व्यक्तिहरूको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ । नेपालको सन्दर्भमा यो भूमिकाको अभिभारा साधारणतया ३ निकायमा जान्छ, अर्थात नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरी । हालको भूकम्पमा यी निकायहरू (विपद व्यवस्थापनको जिम्मेवारी पाएकाहरू समेत) मानव स्रोत र व्यवस्थापनको हिसाबमा तयार नरहेको स्पष्ट देखिन्थ्यो । तर यस पाबन्दीका बावजुद, यी निकायका व्यक्तिहरूले ताकत र वीरता प्रदर्शन गरे र उनीहरूको तीव्र प्रतिक्रियाको लागि सर्वसाधारणबाट प्रशसां पनि बटुल्न सफल भए । छलफलका क्रममा सहभागीहरूले यी तीनै सुरक्षा निकायहरूलाई साझा प्रोटोकल सहितको संयोजित तालिम प्रदान गरिएमा उनीहरूको प्रभावकारिता अभिवृद्धि गर्न सकिने सुझाव दिए । यसका अतिरिक्त, प्रथम उद्धारकर्ताहरू विपद स्थलमा पुग्नु भन्दा पनि पहिले आफ्ना सदस्यहरूको खोज तथा

उद्धारमा समुदायले ठूलो भूमिका खेल्दछ । यी समुदायका सदस्यहरू र स्वयंसेवकहरूलाई सबै किसिमका नीति तर्जुमा र कार्यान्वयनको प्रक्रियमा समावेश गराउनु महत्वपूर्ण छ ।

विपद सम्बन्धी तत्परता र व्यवस्थापन नीति विकासका लागि भनेर लाखौं डलर खर्च गरिएको भएता पनि नेपाल सरकार यस प्रकारको विपदको लागि पर्याप्त रूपमा तयार नरहेको कुरा सबैले स्वाकारे । उदाहरणका लागि, नेपालले प्राकृतिक प्रकोप राहत ऐन १९८२ मा नै तयार गरेको भएता पनि यसका लागि आवश्यक विभिन्न सम्बन्धित निकायहरू तथा अन्य सरोकारवालाहरूको जिम्मेवारी परिभाषित गर्ने नियमन नभएको हुँदा, स्थानीय निकायहरूले वहन गर्नुपर्ने जिम्मेवारीका बारेमा स्पष्टता थिएन । यसले के सुझाव दिन्छ भने कुनै पनि विपद प्रतिको तत्परता तथा व्यवस्थापन सुनिश्चित गर्ने तर्फको पहिलो कदम भनेको विद्यमान संरचना माथि विचार-विमर्श गर्ने, कमी-कमजोरीलाई पहिचान गर्ने र भूमिका तथा जिम्मेवारीको स्पष्टता सुनिश्चित गर्ने हो । प्यानलका वक्ताहरू बीच नेपाल ठूलो स्तरको प्राकृतिक प्रकोपको खतरामा रहेको हुनाले विपद सम्बन्धी तत्परता, प्रतिक्रिया र व्यवस्थापनको स्पष्ट खाका नेपालको उच्च प्राथमिकतामा हुनुपर्छ भन्ने कुरामा सहमती रहेको थियो ।

छलफलमा संस्थागत समन्वयलाई महत्वका साथ उजागर गरिएको थियो । यद्यपि, विपदको तत्परताको लागि संस्थागत संयन्त्र र साथमा कार्यसूची (टर्म्स अफ रेफरेन्स) तथा जवाफदेहिता संयन्त्रको आवश्यकतालाई पनि उत्तिकै जोड दिइएको थियो । प्रत्येक सरोकारवाला निकायको मुख्य उद्देश्य र ज्ञान फरक फरक हुने भएकाले उनीहरूको भूमिका तथा जिम्मेवारी स्पष्ट रूपमा परिभाषित गर्न जरुरी छ ताकि उनीहरूलाई एउटा संयोजित प्रयासका लागि निश्चित क्षेत्रमा खटाउन सकियोस् । नागरिक प्रशासनले खोज तथा उद्धार कार्यमा खेल्न सक्ने भूमिकाका बारेमा विपदको समयमा गृह मन्त्रालय बाहेक अन्य प्राय: मन्त्रालयहरू (लाइन एजेन्सीहरू) ले स्पष्ट रूपमा अख्तियारी लिएको देखिएन । मन्त्रालयहरू बीचको समन्वयलाई सुधार गरी उनीहरूको सहभागिता तथा अपनत्वको भावना वृद्धि गर्नु जरुरी छ । त्यसैगरी खोज तथा उद्धार कार्यमा “अन्तर्राष्ट्रिय समुदायको लागि स्थान बनाउनु” र “अन्तर्राष्ट्रिय समुदायमा भर पर्नु” बीचको फरक छुट्याउनु महत्वपूर्ण छ । यसका लागि, नेपालले अन्तर्राष्ट्रिय समुदायको सहायतालाई अझ राम्रोसँग परिचालन गर्ने गरी आफ्ना संयन्त्रहरूलाई सशक्त बनाउन जरुरी छ ।

छलफलमा खोज तथा उद्धार कार्यमा आवश्यक उपकरणहरू जस्तै थर्मल सेन्सर, कुकुरको टोली, भिडियो क्यामरा, उत्खनन् गर्ने यन्त्र, हाइड्रौलिक पम्प आदिको उपलब्धता सुनिश्चित गराउन आवश्यक रहेको कुरा पनि उठाइएको थियो । बजेटमा यस्ता कुराका लागि रकम छुट्याइनु पर्दछ ।

सहभागी तथा प्यानल वक्ताहरूले विपद तत्परताका लागि अन्तर्राष्ट्रिय सफल अभ्यासहरूमा पूर्ण रूपले भर पर्नु पनि खतरापूर्ण रहेको विचार व्यक्त गरे । अन्यत्रबाट सिकेका पाठहरूलाई हाम्रो सामाजिक, सांस्कृतिक तथा भूगर्भीय परिवेशमा सान्दर्भिक बनाउनका लागि स्थानीयकरण गर्नु अत्यन्त महत्वपूर्ण हुन्छ । त्यसैगरी , विपद पश्चातका सुधारहरू, खोज तथा उद्धार कार्य वा अन्य क्षेत्रहरूमा, तत्कालिन, सोच विनाको प्रतिक्रिया भन्दा पनि प्रमाणमा आधारित प्रतिक्रिया हुनुपर्छ ।

खोज तथा उद्धार कार्यमा तीन वटा सुरक्षा बलहरूले महत्वपूर्ण भूमिका खेल्ने भएकाले यसले समन्वयमा केही अन्यौल सृजना गर्न पनि सक्छ । यी तीनै निकायहरूको सबल पक्ष र दुर्बल पक्षहरू पहिचान गर्न र आवश्यकता परेको ठाउँ अनुसार कुनै एकले नेतृत्वदायी भूमिका खेल्न सक्ने किसिमको प्रणाली विकास गर्नु महत्वपूर्ण छ ।

हालैको भूकम्पले शहरी क्षेत्रहरूमा खासै ठूलो क्षति नपुऱ्याएको भएता पनि, शहरी खोज तथा उद्धार कार्य, विपद पश्चातको पुनर्स्थापना तथा आपतकालिन उपचार तथा औषधीमा विशिष्टता हासिल गरेका व्यक्तिहरूको समूह - शहरी खोज तथा उद्धार कार्य टोली तयार राख्नाले भविष्यका विपदहरूमा जहाँ परिस्थिति फरक हुनसक्छ, हताहत हुने व्यक्तिहरूको संख्यामा कमी ल्याउन सकिन्छ ।

## छलफलबाट आएका सुझावहरू देहाय बमोजिमका छन् :

- भूकम्प सम्बन्धित विपदहरूका लागि तयार रहने
- प्रथम उद्धारकर्ताहरूको क्षमता अभिबृद्धि गर्ने
- यस विपदबाट सिकेका पाठहरूमा आधारित रहि विद्यमान विपद व्यवस्थापनको रूपरेखालाई समीक्षा र संसोधन गर्ने
- सरोकारवालाहरू बीचको समन्वयमा जोड दिने
- खोज तथा उद्धार कार्यका लागि आवश्यक उपकरण तथा अन्य सरसामानको लागि आवश्यक बजेटको प्रबन्ध मिलाउने
- प्रभावकारी समन्वयको लागि कुनै एउटा सुरक्षा निकायलाई उद्धार कार्यमा नेतृत्वको भूमिका दिने
- शहरी क्षेत्रमा काम गर्नको लागि पर्याप्त तालिम र उपकरण सहितको विशिष्ट खोज तथा उद्धार टोली निर्माण गर्ने

## सत्र १ (ख): राहत कार्य

**राहत कार्य सम्बन्धित यस सत्रमा विचार-विमर्श गरिएका मुख्य मुद्दाहरू यसप्रकार छन् :**

- हालका राहत प्रयासहरूमा, सरकारी तथा निजी स्तर दुवैमा देखिएका कमी-कमजारी वा संस्थागत कमीकमजोरी केही छन् ?
- सबै तहका सार्वजनिक संस्थाहरूलाई कसरी सक्षम र उत्तरदायी बनाउने ?
- राहत कार्यमा सरकारी, निजी तथा अन्य सुत्रपातहरूको प्रयासलाई कसरी सहज बनाउन सकिन्छ ?
- न्यायोचित र समतामूलक राहत वितरण कसरी सुनिश्चित गर्न सकिन्छ ?

प्यानलका वक्ताहरूले भूकम्प पश्चातको तत्कालिन अवस्थामा स्वयंसेवकहरूले राहत सामग्री वितरणमा खेलेको भूमिकाको बारेमा बोल्नुभयो जुन सञ्चारमाध्यमहरू र अन्य क्षेत्रमा पनि उल्लेखनीय रूपमा प्रकाशमा आएको छ। भविष्यका विपदहरूमा उनीहरूको प्रभावकारिता अभिवृद्धि गर्नको लागि सरकारले यी स्वयंसेवक समूहहरूसँग काम गरी उनीहरूको सीप, रुचि, अनुभव तथा क्षमताका आधारमा उनीहरूको विवरण तयार गर्नुपर्ने सुझाव दिइयो। यसले गर्दा सही स्थानमा सही किसिमका स्वयंसेवक समूह पुग्ने सुनिश्चित हुन गई उनीहरूको सहभागिता बढी प्रभावकारी र उक्त स्थानमा भएको सरकारी संयन्त्रसँग समन्वय सहितको हुनेछ।

नेपाल युवा संस्था सञ्जाल (आयोन) ले आफ्नो एक्टफोक्वेक नामक अभियान अन्तर्गत सञ्चालन गरिरहेको सामुदायिक उपकरण संकलन केन्द्रले आफ्नो नाम अनुसारको काम गरिरहेको छ अर्थात यहाँ पुनर्निर्माणको लागि आवश्यक उपकरणहरू संकलन गरिएका छन् जुन यसका सदस्यहरूले आफूले गुमाएका संरचना पुनर्निर्माण गर्नको लागि उपभोग गर्न सक्छन्। यो अभियान एउटा सामान्य अवधारणामा आधारित छ - त्यो हो समुदायहरूसँग आफ्नो जीवन पुनर्निर्माण गर्न आवश्यक सीपहरू छन् तर आवश्यक उपकरणहरूको अभावमा प्रायः उनीहरूले त्यसो गर्न सकिरहेका हुँदैनन्। भूकम्प प्रभावित सबै क्षेत्रहरूमा यस्तो किसिमका उपकरण संकलन केन्द्र स्थापना गर्नाले पुनर्निर्माणमा समुदायको प्रत्यक्ष सहभागिता र अपनत्व अभिवृद्धि गर्दछ र भविष्यमा आइपर्ने विपदहरू सामना गर्न सक्ने प्रतिरोधक समुदाय प्रवर्द्धन गर्दछ।

सरकार, निजी क्षेत्र र गैर-सरकारी संस्थाहरू सहितका विभिन्न निकायहरूसँग सूचना तथा स्रोतको समन्वय

गर्ने विशेष परियोजना व्यवस्थापन संयन्त्र सहित एउटा सशक्त डाटाबेस प्रणाली भएमा कुनै पनि विपद पश्चातको परिस्थितिमा हुने राहत प्रयासहरूको प्रभावकारिता वृद्धि गर्न सकिन्छ भन्ने कुरामा सबैको सहमति थियो । यसले सरकारी र गैर-सरकारी संस्थाहरू बीच उनीहरूको सीप र स्रोतको मिलान गरी मद्दत अत्यावश्यक भएका समुदायहरूमा पुग्न मद्दत गर्दछ र सरकारी र गैर-सरकारी संस्थाहरू बीचको सार्वजनिक निजी साझेदारीको अवधारणालाई मजबुत बनाउन मद्दत गर्न सक्छ । विगतका सूचना प्रणाली/संयन्त्रको असफलतालाई समालोचनात्मक समीक्षा गर्नाले अबको सूचना प्रणाली बनाउँदा कसरी मजबुत प्रणाली बनाउने भन्ने जानकारी पाइन सक्छ । विपदको समयमा संकलन गरिएका तथ्याङ्कलाई केन्द्रिय तथ्याङ्क विभागले कायम राखेको नियमित डाटाबेसमा समावेश गर्ने उपाय सोच्नका लागि सरकारलाई सल्लाह पनि दिइयो ।

राहत वितरणमा असमानता भएमा यसले समुदाय भित्रै द्वन्द्व वृद्धि गर्न सक्छ । त्यसैले, सकेसम्म स्थानीय सामुदायिक संस्थाहरूसँग मिलेर काम गर्ने सल्लाह दिइन्छ । त्यसैगरी यदि राहत सेवाहरू प्रदान गरिदै छ भने आसपासका सबै समुदायको आवश्यकता पूरा हुने गरी पर्याप्त मात्रामा प्रदान गरिनु जरुरी छ । यसले विरोध, आक्रमण र स्थानीय व्यक्तिहरू माझको सम्भावित द्वन्द्वलाई रोकथाम गर्ने काम गर्दछ ।

नेपालका सामुदायिक वनहरूको सफलता पछाडिको एउटा प्रमुख कारण भनेको यी वनहरू समुदायले समुदायकै लागि व्यवस्थापन गरेको हुनाले पनि हो । विपद पश्चातको पुनर्निर्माणमा पनि यो सिद्धान्त प्रयोग गरिनु पर्छ । सरकारले मुख्य वस्तीहरू बाहेकका अन्य क्षेत्रमा पनि ध्यान दिन जरुरी छ जहाँ थुप्रै जंगल र घरहरू भूकम्पद्वारा प्रभावित भएका छन् । उचित सम्बोधन नभएमा यसले स्थिति झन् नाजुक बनाई बाढी, पहिरो जस्ता अन्य विपदहरू पनि निम्त्याउन सक्छ ।

**यस सत्रको छलफलबाट आएका सुझावहरूबाट देहाय बमोजिमको साराशं निकाल्न सकिन्छ :**

- राहत सामग्रीको प्रभावकारी र न्यायोचित वितरणको लागि आपूर्ति श्रृङ्खला ढाँचा (मोडेल) को सुरुवात गर्ने ।
- स्वयंसेवक समूहहरूको उनीहरूको सीप सहितको विवरण तयार पार्ने ताकि प्राकृतिक विपदको समयमा उनीहरूको प्रभावकारिता अभिवृद्धि गर्नका लागि सही समूहलाई सही ठाउँमा परिचालन गर्न सकियोस् ।
- पुनर्निर्माणका लागि आवश्यक औजार र उपकरणहरू भएको सामुदायिक औजार/उपकरण संकलन केन्द्र स्थापना गर्न मद्दत गर्ने । यस्तो केन्द्रले समुदायलाई स्वावलम्बी बन्न मद्दत गर्दछ ।
- विपदको समयमा राहत र पुनर्स्थापनाको लागि प्रयोग गर्न सकिने सशक्त केन्द्रिय डाटाबेस विकास गर्ने ।
- स्थानीय समुदाय (प्रभावित जनता) सँग मिलेर काम गर्ने र द्वन्द्वको परिस्थिति नआओस भन्नका लागि पूर्ण सूचना आदानप्रदान गर्ने ।

## सत्र १(ग): विपद पछिको पुनर्निर्माण

**विपद पछिको पुनर्निर्माण सम्बन्धित यस सत्रमा विचार-विमर्श गरिएका मुख्य मुद्दाहरू यसप्रकार छन् :**

**योजनाः**

- पुनर्निर्माणको चरणमा स्थानीय समुदायको ज्ञान र उनीहरूको सरोकारलाई कसरी समाहित गर्ने ?
- पुनर्निर्माणको चरणमा विज्ञको ज्ञान (जस्तै भूगर्भ सम्बन्धित पक्ष) लाई कसरी समाहित गर्ने ?
- पुनर्निर्माणमा सरकार, निजी क्षेत्र, गैर नाफामूलक क्षेत्र र नागरिक समाजको के भूमिका हुनसक्छ ?
- पुनर्निर्माणको समय रेखा
- यदि आवश्यकता भएमा के विस्थापित समुदायहरूलाई देशको अन्य भूभागमा सार्न सम्भव छ ? स्थानानान्तरणको प्रक्रियामा मानिसहरूको साँस्कृतिक, सामाजिक तथा जीविकोपार्जनको अवसरहरू सम्बन्धित सरोकारहरू सम्बोधन हुन्छन भन्ने कुरा कसरी सुनिश्चित गर्ने ?
- निजी सम्पत्तिको पुनर्निर्माणको ढाँचा कस्तो हुनसक्छ ?

## समन्वयः

- समयमै पुनर्निर्माण गर्नका लागि के एक-द्वार नीति प्रभावकारी हुन्छ ?
- पुनर्निर्माणमा सरकार, निजी क्षेत्र, गैर नाफामूलक क्षेत्र र नागरिक समाजको के भूमिका हुनसक्छ ?
- पुनर्निर्माणको कार्यमा नेपाल सरकारलाई अन्तर्राष्ट्रिय साझेदार र विकास साझेदारहरूले कसरी समर्थन गर्न सक्छन् ?

हालैको भूकम्प र यसका पराकम्पनहरूले राष्ट्रलाई उल्लेखनीय मानविय र भौतिक क्षति गराएका छन् [2]। विज्ञहरूले पूर्वानुमान अनुसार क्षति नभएता पनि , उक्त भूकम्पले उल्लेखनीय क्षति गरी धेरै नागरिकको जीवनलाई नकरात्मक असर पारेको छ । उपलब्ध तथ्याङ्क हेर्दा, गुमेका संरचनाको पुनर्निर्माण गर्ने, जीवनलाई सामान्यीकरण गर्ने र नागरिकहरू माझ आत्म-धैर्यता ल्याउने सहितको विपद पश्चातको पुनर्निर्माण कार्य निकै विशालकाय छ । यस अवस्थामा, विपद पश्चातको पुनर्निर्माण सम्बन्धित यस सत्रको छलफल सरकारी भवन , विद्यालय, अस्पताल तथा साँस्कृतिक क्षेत्रहरू जस्ता भौतिक संरचनको पुनर्निर्माणमा केन्द्रित रह्यो र भूकम्पका कारण गुमाएका भौतिक सम्पत्तिको कसरी पुनः प्राप्त गर्ने भनेर उपायहरू जुटायो । विज्ञहरूले पुनर्निर्माणको प्रक्रिया भनेको भौतिक पुनर्निर्माण मात्र नभई समाज, समुदाय, गाउँ, शहर र सम्पूर्ण राष्ट्रकै पुनर्निर्माणको प्रक्रिया रहेको बताउनुभयो ।

विज्ञहरू बीच सम्पूर्ण पुनर्निर्माण सम्बन्धी कार्यहरूका लागि आवश्यक संस्थागत संरचनामा सरकारद्वारा बनाइएको निकाय, सम्भव भएमा प्राधिकरण, ले नेतृत्व लिनुपर्छ भन्ने कुरामा सर्वसम्मति रह्यो । सरकारमा विद्यमान अन्तर्निहित संस्थागत क्षमता अत्यन्त कमजोर रहेको छ । तसर्थ, यदि सरकारद्वारा पुनर्निर्माण प्राधिकरण गठन भएमा पनि उक्त निकाय नीतिमा मात्र केन्द्रित हुनुपर्ने र नीति कार्यान्वयनमा यसलाई गैरनाफामूलक संस्था, निजी क्षेत्र, अन्तर्राष्ट्रिय संगठनहरू र  सामुदायिक समूहहरू जस्ता समूह/संस्थाहरूले समर्थन गर्नुपर्ने धारणा विज्ञहरूको रहेको छ । पुनर्निर्माण प्रक्रियामा संलग्न सबैलाई जिम्मेवार र विश्वासनीय बनाउने किसिमको वातावरण सृजना गर्नका लागि पारदर्शिता र जवाफदेहिताका साधनहरू अवलम्बन गरिनुपर्छ ।

छलफलमा पुनर्निर्माण कार्यका   लागि आवश्यक  दक्ष जनशक्ति उत्पादन गर्न सक्ने सन्दर्भमा नेपालको क्षमतामा कमी रहेको कुरा प्रकाशमा आयो । प्यानलमा प्रस्तुत गरिएको अनुमान अनुसार, भूकम्पमा क्षति भएको कुरा

2 विभिन्न प्रतिवेदन तथा सरकारी वेबसाइटहरूका अनुसार भूकम्पमा ८७८९ मानिको ज्यान गएको छ ; ५,०८,७३४ निजी घरहरू पूर्ण रूपमा र २८३१४५ निजी घरहरू आंशिक रूपमा क्षति भएका छन् । त्यसैगरि, २६५६ सरकारी भवनहरू पूर्ण रूपमा र ३६२२ सरकारी भवनहरू आशिंक रूपमा क्षति भएका छन्; २०,०१० कक्षाकोठाहरू पूर्ण रूपमा र ९,६९० कक्षाकोठाहरू आंशिक रूपमा क्षति भई ७८०० विद्यालयहरूमा शिक्षा

पुनर्निर्माण गर्नका लागि नेपाललाई आगामी तीन वर्षमा ७००,००० दक्ष कामदारको आवश्यकता पर्दछ । त्यसकारण हाल उपलब्ध दक्ष जनशक्तिलाई कैयौं गुणाले थप्नु पर्ने देखिन्छ तर हाल विद्यमान क्षमता र परिस्थिति हेर्दा यसको लागि निकै लामो समय लाग्ने देखिन्छ । त्यसैले स्थानीय व्यक्तिहरूलाई नवीनतम् तरिकाले तालिम दिन र पुनर्निर्माण गर्न आवश्यक स्रोतहरू उपलब्ध गराउन अत्यन्त जरुरी छ । नेपालको पुनर्निर्माणको लागि दक्ष मानव स्रोत उत्पादन गर्दा कुनै पनि किसिमको सम्झौता गरिनु हुँदैन किनकी अब बन्ने संरचनाहरूको गुणस्तर यस भन्दा ठूलो मात्राको विपदको सामना गर्न सक्ने हुनुपर्छ ।

छलफलको क्रममा सहभागी र वक्ताहरूले पुनर्निर्माणको नीतिहरू बनाउँदा सबैका लागि एकैथरि नीति भन्ने दृष्टिकोण राख्न नहुने कुरामा जोड गर्नुभयो । उहाँहरूले निर्णय प्रक्रियामा स्थानीय समुदायहरूलाई सहभागी गराई समुदाय-समुदाय बीचको फरक सन्दर्भलाई पनि पुनर्निर्माण नीतिमा समावेश गराउनु पर्ने बताउनुभयो । योजना र पुनर्निर्माण प्रक्रियामा समुदायले नेतृत्व लिई नागरिक सहभागिता गराइएको ठाउँहरूमा दिगो र सहनशिल समाज बनेको कुरा दर्शाउँदै हाम्रो नयाँ प्रयासले पनि नागरिक र समुदायहरूलाई पुनर्निर्माण प्रक्रियाको दुवै चरण अर्थात नीति तर्जुमा तथा कार्यान्वयनमा शामेल गराई उनीहरूको आवाज सुन्नमा ध्यान केन्द्रित गर्नुपर्छ भन्ने सुझाव आएको छ । सत्रमा समुदायमा आधारित विपद पश्चातको पुनर्निर्माण अभ्यासको सफल उदाहरण स्वरूप मच्छेगाउँ र सिद्धिपुर ; किर्तिपुरमा देखिएको विपद सामनामा समुदायको सहनशिलता र प्रतिरोधी क्षमता र विष्णुमती लिङ्क सडकबाट प्रभावित परिवारहरूको सफल स्थानान्तरणको उदाहरणहरू प्रस्तुत गरियो ।

सत्रमा पुनर्निर्माण योजनामा स्थानीय सम्पदाको मानचित्रण, जनसांख्यिकीय परिवर्तन, अर्थतन्त्र, रोजगारी तथा जीविकोपार्जनको कुराहरू पनि समाहित गराउनुपर्ने कुरामा पनि प्रकाश पारियो किनकी भूकम्पले निजी भवनहरूमा मात्र क्षति पुऱ्याएन, साँस्कृतिक सम्पदा पनि नष्ट गऱ्यो, मानिसहरूलाई बँसाइ सर्न बाध्य तुल्यायो र धेरै मानिसको जीविकोपार्जन खल्बल्यायो । साधारणतया अवलम्बन गरिने “टर्च लाइट सोच” (जसमा एउटा विषयक क्षेत्र वा भौगोलिक क्षेत्रमा समाधानहरू खोजिन्छन्) को ठाउँमा पुनर्निर्माणको एकिकृत सोच राखिनुपर्छ जसले उचित नीतिहरूको माध्यमबाट विभिन्न मुद्दाहरूको सम्बोधन गर्न सक्छ ।

पाकिस्तान, भारत, थाइल्याण्ड जस्ता देशहरूको विपद पश्चातको पुनर्निर्माणका प्रयासहरू बाट सिक्न सकिने पाठहरूका बारेमा पनि यस सत्रमा छलफल भएको थियो । नेपालले सिक्नुपर्ने र व्यवहारमा उतार्नु पर्ने केहि मुख्य पाठहरू यस प्रकार छन् :

- पुनर्निमित संरचनाहरूको दिगोपन सुनिश्चित गर्नका लागि नेपालले स्थानीय स्रोत, सामग्री, सीप तथा प्रविधिको उच्चतम प्रयोग गर्नुपर्छ ।

- थानीय गुनासाहरू समाधान गर्ने संयन्त्रको विकास गर्न पनि जरुरी छ जहाँ मानिसहरूले आफ्ना क्षति पुगेका भवनहरूको बारेमा सोधपुछ गर्न सकून र प्राविधिक तथा वित्तीय सहयोग प्राप्त गर्न सकून । यस उद्देश्यका लागि नागरिक वडा मञ्च, टोल समिति तथा गाउँ विकास समिति जस्ता विद्यमान संस्थागत संयन्त्रहरू प्रयोग गर्न सकिन्छ ।

- विश्वका धेरै ठाउँहरूमा प्रभावित जनसंख्यालाई अन्यत्र सार्ने प्रयासले राम्रो सँग काम गरेको पाइँदैन । त्यसैले अनैच्छिक स्थानानान्तरका प्रयासहरू गरिनु हुँदैन र यदि स्वेच्छिक स्थानानान्तरण गर्नु परेमा पनि पूर्व स्थानको नजिकैको स्थानमा गरिनुपर्छ । पुनर्स्थापना भन्दा बसाइँसराइको विकल्प सहितको नगद हस्तान्तरणले राम्रो काम गरेको पाइन्छ ।

- निजी भवनहरू भवनका मालिकहरूले नै पुनर्निर्माण गर्नुपर्छ ताकि दातामा भर पर्नु नपरोस् । यद्यपि, सरकारले आवश्यकता ठाने अनुसार प्राविधिक तथा वित्तीय सहयोग प्रदान गर्न सक्छ ।

भवन निर्माण-संहिता र क्षेत्रीकरण (जोनिङ) कानूनको कडाइका साथ पालना नहुनुलाई पुनर्निर्माणसँग प्रत्यक्ष रूपमा नजोडिएता पनि यस सत्रमा उक्त विषयमा पनि छलफल भयो । भूमिको उचित प्रयोग सम्बन्धी नियमको

आवश्यकता, सामूहिक घर (हाउजिङ) सम्बन्धित मुद्दाहरू, चुस्त तथा पर्यावरण-मैत्री शहरका कुराहरू पनि छलफलको क्रममा उठे । यदि न्यायोचित बजार मुल्य संयन्त्र सुनिश्चित गर्न सकेमा यी कुरामा निजी क्षेत्रलाई आकर्षित गर्न सकिन्छ । पुनर्निर्माण नीतिको अत्यावश्यक पक्षको रूपमा भवन-संहिता तथा क्षेत्रीकरण (जोनिङ) कानून पालना गर्ने, जवाफदेही इन्जीनियरिङ्ग अभ्यास र भवनहरूमा अपाङ्गता भएका व्यक्तिहरूको लागि व्यवस्था सुनिश्चित गर्ने संयन्त्रहरूका बारेमा छलफल भयो ।

छलफल पुनर्निर्माणका विभिन्न प्राविधिक पक्षहरूमा केन्द्रित रह्यो , जस्तै भवन बाहेकका अन्य संरचनाहरूका लागि पनि आवश्यक रहेको निर्माण संहिता; सिमेन्ट, कंक्रीट र स्टील बाहेकका स्थानीय रूपमा उपलब्ध अन्य सामग्रीहरूको प्रयोगको प्रवर्द्धन; तीव्र क्षति मूल्याङ्कनमा एकरूपता ल्याउने संयन्त्र र निजी भवनहरूको विखण्डन, पुनर्निर्माण वा सशक्तिकरण (रेट्रोफिटिङ्ग)का लागि आवश्यक प्राविधिक सहायता प्रदान गर्ने तरिकाको पहिचानको आवश्यकता ।

विज्ञहरूले हाल ग्रामीण पुनर्निर्माणमा दिइएको उच्च प्राथमिकताले गर्दा शहरी क्षेत्र चाहिँ ओझेलमा पर्ने हो कि भन्ने चिन्ता पनि व्यक्त गर्नुभयो । शहरी र ग्रामीण क्षेत्रहरूका लागि फरक-फरक नीतिहरू आवश्यक रहेको कुरामा पनि जोड दिइयो । काठमाडौं जस्ता शहरी क्षेत्रले भूकम्प पश्चात धेरै विस्थापित जनसंख्या ग्रहण गर्नुपर्ने सम्भावना रहन्छ र काठमाडौंलाई यो जनसंख्याको व्यवस्थापन एउटा चुनौती हुनेछ ।

### यस सत्रको छलफल बाट आएका सुझावहरूको सार निम्नानुसार छः

- पुनर्निर्माणको लागि कार्यसम्पादन गर्न सक्ने पर्याप्त क्षमता भएको एउटा संस्थागत संरचना निर्माण गर्ने
- पुनर्निर्माणका लागि स्थानीय कामदारहरूलाई उचित तालिम प्रदान गर्ने
- नीति निर्माण गर्दा एकैथरि नीतिले सबैलाई हुन्छ भन्ने सोच नराख्ने र समुदायको सहभागिता सहितको स्थानीय आवश्यकतालाई मिल्ने गरी नीति तथा नियमलाई सरल बनाउने
- साँस्कृतिक सम्पदाको जर्गेनालाई पनि ध्यानमा राखी एकिकृत योजना पद्धतिको अभ्यास गर्ने
- सम्भव भएसम्म स्थानीय सीप, ज्ञान र स्रोत प्रयोग गर्ने
- पुनर्निर्माण तथा नवनिर्माण प्रक्रियामा भवन-संहिता र क्षेत्रीकरण (जोनिङ्ग) कानूनलाई कडाईका साथ लागु गरी सुरक्षालाई उच्च प्राथमिकता दिने । भवन संहिता र क्षेत्रीकरण (जोनिङ्ग) कानूनले स्थानीय संवेदनशिलता र साँस्कृतिक, सामाजिक तथा जीवकोपार्जनका पक्षहरूलाई पनि ध्यानमा राख्नुपर्छ ।

## सत्र २ (क): सार्वजनिक सेवाहरूको व्यवस्थापन

### सार्वजनिक सेवाहरूको व्यवस्थापन सम्बन्धित यस सत्रमा विचार-विमर्श गरिएका मुख्य मुद्दाहरू यसप्रकार छन् :

- हाम्रो स्वास्थ्य क्षेत्रलाई प्राकृतिक विपदको लागि तत्पर राख्नका लागि कसरी मद्दत गर्न सकिन्छ ? के कस्ता मानक सञ्चालन कार्यविधिहरू तयार गरिनुपर्छ ?
- विपदको समयमा जनस्वास्थ्यको व्यवस्थापन कसरी गर्ने ? शारीरिक तथा मानसिक स्वास्थ्य दुवै ?

- विपद पश्चात स्वास्थ्य सेवाहरूलाई कसरी पुनः सुचारु गर्ने ?
- हाम्रो शिक्षा क्षेत्रलाई प्राकृतिक विपदको लागि तत्पर राख्नका लागि कसरी मद्दत गर्न सकिन्छ ? के कस्ता मानक सञ्चालन कार्यविधिहरू तयार गरिनुपर्छ ?
- विपद पश्चात शैक्षिक सेवाहरूलाई कसरी पुनः सुचारु गर्ने ?
- हाम्रा बालबालिकाहरूको जीवनलाई सामान्य अवस्थामा कसरी ल्याउने ?
- हाम्रा सरकारी सेवा कार्यालयहरू (जस्तै गाविस, वडा कार्यालय, जिल्लामा रहेका मन्त्रालय अन्तर्गतका कार्यालयहरू) लाई प्राकृतिक विपदको लागि कसरी तत्पर राख्ने ? के कस्ता मानक सञ्चालन कार्यविधिहरू तयार गरिनुपर्छ ?
- विपद पश्चात हाम्रा सरकारी सेवाहरूलाई कसरी पुनः सुचारु गर्ने ?
- यी सार्वजनिक सेवाहरूको व्यवस्थापनका लागि हामीले कस्तो किसिमको समन्वय संयन्त्र विकास गर्न सक्छौं ?

चाहे त्यो औषधी होस वा किताब, सार्वजनिक सेवाहरूको सुचारु सञ्चालन सुनिश्चित गर्नका लागि यी कुराहरूको पर्याप्त भण्डार सुनिश्चित गर्ने तर्फ कदम चाल्न जरुरी छ भन्ने कुरामा सहभागीहरू सहमत हुनुहुन्थ्यो । यस्तो योजनाको लागि स्थानीय स्तरमा कार्यन्वयन गर्ने निकाय गाविस हुन सक्ने भएता पनि यी वस्तुहरूको भण्डार व्यवस्था गर्नमा समुदायिक संगठनहरू, स्वास्थ्य चौकीहरू र विद्यालयहरू बढी प्रभावकारी हुन सक्छन् र गाउँ विकास समितिहरूले उनीहरू र जिल्ला विकास समिति बीचको कडीको भूमिका खेल्न सक्छन् । यद्यपि, तयारी प्रतिको यस्तो प्रतिवद्धताका लागि केन्द्रबाट वित्तीय योगदानको आवश्यकता पर्दछ र यो कुरा सरकारको बजेट विनियोजनमा पनि झल्किनु पर्दछ ।

हालैको भूकम्प पश्चात धेरै सरकारी कार्यलयहरू जो कमजोर संरचना भएका भवनहरूमा अवस्थित छन्, एकदम कमजोर र जोखिमपूर्ण अवस्थामा छन् भन्ने कुरा ज्ञात हुन आएको छ । यसले सरकारलाई सार्वजनिक सेवाहरू पुनः सुचारु गर्न मात्र नभई सार्वजनिक तथ्याङ्क जस्ता अन्य मूल्यवान कुराहरू सुरक्षित राख्नका लागि पनि झक्झकाउनु पर्दछ । त्यसैगरी, सार्वजनिक सेवाहरूको उपलब्धता, विशेषगरि, स्वास्थ्य र शिक्षा, स्रोतहरूको (भौतिक तथा मानवीय) परिचालनमा भर पर्दछ जुन अन्तत संरचनामा भर पर्दछ। सार्वजनिक संरचनामा गरिने लगानी दीर्घकालीन प्रस्ताव भएता पनि हालको भूकम्पले सिकाएको पाठ भनेको सडक, महत्वपूर्ण सरकारी कार्यालयहरू, उर्जा सम्बन्धित संरचनाहरू र विमानस्थल जस्ता संरचनाहरूमा तुरुन्त ध्यान दिन जरुरी छ भन्ने हो । छोटकरीमा, सार्वजनिक सेवाहरू उपलब्ध गराउन आवश्यक संरचनाहरूलाई प्राथमिकता दिने कुरा सोचयोग्य छ ।

केही वक्ताहरूले हालको भूकम्पमा मानसिक स्वास्थ्य सम्बन्धी सरोकारहरूलाई पर्याप्त ध्यान नदिइएको कुरा बताउनुभयो । यो मुद्दा बालबालिकाहरूको हकमा, जसमध्ये धेरैले यस्तो विपद पहिलो पटक भोगिरहेका छन्, झन टड्कारो रूपमा देखिएको छ । त्यसैले, डाक्टर, सहायक स्वास्थ्यकर्मी, नर्स तथा अन्य कर्मचारीको तालिमको दौरानमा मानसिक स्वास्थ्यको विषयलाई पनि तालिमको एक हिस्सा बनाइनुपर्छ । छलफलमा मानसिक स्वास्थ्य तालिमलाई एक पटकको क्रियाकलापको रूपमा मात्र सिमित गर्न नहुने र स्वयंसेवकहरूलाई पनि मनोसामाजक परामर्शको लागि तालिम दिनुपर्ने कुरा उठ्यो ।

सहभागीहरूले सरकार, निजी क्षेत्र, नागरिक समाज र अन्तर्राष्ट्रिय समुदाय बीच सार्वजनिक सेवाहरूको उपलब्धता सुनिश्चित गराउनको लागि एकअर्काको विज्ञता र उपलब्ध स्रोतहरुको समन्वय गर्ने स्थान प्रवर्द्धन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

सरकारले शहरी क्षेत्रको जनघनत्वलाई स्थिर राख्ने र सम्पूर्ण सार्वजनिक संस्थाहरू सुरक्षित भौगोलिक स्थान तर्फ सार्ने किसिमका नीति तथा उपयुक्त संरचना निर्माण गर्ने तर्फ सोच्नु पर्ने सुझाव दिइयो ।

**यस सत्रबाट आएका सुझावहरू निम्नानुसार सारांशमा प्रस्तुत गरिएका छन्:**

**निम्नानुसार छः**

- सबैभन्दा तल्लो प्रशासनिक इकाईमा अर्थात गाविस स्तरमा आधारभूत वस्तुहरूको भण्डार भएको सुनिश्चित गर्ने । गाविसहरूका अतिरिक्त समुदायमा आधारित संस्थाहरू र जिल्ला स्तरीय सरकारी निकायहरूले पनि आवश्यक सामग्रीहरूको स्टक भण्डारण गर्न सक्छन् । सम्भव भएसम्म यस्तो आपतकालिन भण्डार समुदायसँग सबैभन्दा नजिक र निरन्तर सम्पर्कमा रहने निकायले राख्नु पर्छ ।

- सार्वजनिक संरचनामा लगानी गर्दा दीर्घकालीन सुरक्षाको सोच सहित लगानी गर्ने । टाढा टाढाका समुदायहरूको जीवन रेखाको रूपमा रहेका संरचनाहरूको संरक्षणमा जोड दिने । त्यसैगरि, सार्वजनिक संरचनाले विपदको समयमा समुदायलाई अस्थाई सुरक्षा दिन सक्ने हुनुपर्छ । त्यसैले, सार्वजनिक संरचनाहरू विशेषगरि समुदायिक स्तरका सार्वजनिक संरचनाहरू सकारात्मक सोचेले बनाइनु पर्छ र संरचनाको स्थान पहिचान गर्नमा समुदायको पनि सहभागीता गराइनुपर्छ ।

- मानसिक स्वास्थ्यलाई पनि उचित ध्यान दिने र शारीरिक स्वास्थ्य सँगसँगै लिएर जाने, विशेषगरि विपदको समयमा प्रथम उद्धारकर्ताको रूपमा प्रभावित क्षेत्र जाने व्यक्तिहरूको तालिमको हकमा । त्यसैगरि, मानसिक स्वास्थ्य सम्बन्धी प्रावधानहरू समुदाय स्तरमा पुग्नु पर्छ ।

- सार्वजनिक सेवाहरूको प्रबन्ध गर्दा सरकार, निजी क्षेत्र तथा नागरिक समाज बीच समन्वय सुनिश्चित गर्ने ।

- समुदाय स्तरका सार्वजनिक संस्थाहरूलाई उपलब्ध गराइएको जानकारीहरूको जगेडा डाटाबेस (ब्याकअप डाटाबेस) निर्माण गर्ने ताकि विपदकै अवस्था पश्चात् पनि मानिसहरूसँग उनीहरूको कानूनी दस्तावेजको प्रतिलिपि होस् ।

- यस्तो प्रकारको विपत व्यवस्थापनलाई प्रभावकारी बनाउनको लागि सरकारद्धारा स्थानीय स्तरमा भौगोलिक तथा भौतिक रुपमा सहज हुने स्थानमा सेवा केन्द्रको स्थापन गर्नु पर्दछ । जसले विभिन्न प्रकृतिका सरकारी सेवा तथा सुविधालाई एक द्वार प्रणालीद्धारा जनतालाई प्रदान गर्दछ ।

- भुपकम्प पछि सार्वजनिक तथा नीजि सम्पत्तिको बिषयलाई लिएर जनताहरु बीच झगडा हुन सक्ने कुरालाई मध्यनजर राख्दै यस्तो झगडा तथा मुद्दाको छिनोफानो तत्काल गर्नको लागि फास्ट् ट्र्याक कोडको व्यवस्था गरिनु पर्दछ ।

- विद्यालयमा विद्यार्थीहरुलाई दिईने शिक्षाको व्यवहारिक प्रयोग एवं विद्यार्थीहरुको सिप विकासको लागि गृह कार्यको रुपमा घरमा सहयोग पुग्ने खालको व्यवहारिक क्रियाकलाप गर्ने संस्कृतिको विकास गरिनु पर्दछ । जसले नेपालको शिक्षा प्रणालीलाई सुधार गर्न समेत मद्दत पुऱ्याउँछ ॥

## सत्र २(ख): सार्वजनिक संरचनाहरूको व्यवस्थापन

**विपद पश्चातको अवस्थामा सार्वजनिक संरचनाको व्यवस्थापन सम्बन्धित यस सत्रमा विचार-विमर्श गरिएका मुख्य मुद्दाहरू यसप्रकार छन् :**

- सार्वजनिक संरचनामा विपद व्यवस्थापनको लागि तत्परता सुनिश्चित गर्नका लागि कस्ता संस्थाहरू र मानक सञ्चालन कार्यविधिहरू आवश्यक पर्छन ?

- विपद पश्चात अत्यावश्यक सार्वजनिक संरचनाको निरन्तर सञ्चालन कसरी सुनिश्चित गर्ने ?
- विद्यमान सार्वजनिक संरचनाको विकल्पहरूका बारेमा कसरी सोच्ने ?

छलफलमा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय अनुभवहरू बाट सिकेका कुरा, नयाँ प्रविधि र भवन निर्माण-संहिता सहितका कुराहरू समावेश गरी विपद व्यवस्थापन रणनीति निर्माणमा विविध सोच लिन आवश्यक रहेको कुरामा जोड दिइयो। यस रूपरेखा अन्तर्गत प्रतिरोधी सार्वजनिक संरचना सुनिश्चित गर्नका लागि गुणस्तर नियन्त्रणको कार्य अधिकारीहरूलाई सुम्पिनु जरुरी हुन्छ। नियामक अख्तियारी (म्यान्डेट) अत्यन्त महत्वपूर्ण हुन्छ। तर यसै समयमा यस्तो रणनीति र नियामक म्यान्डेटले स्थानीय सन्दर्भ र वातावरणीय यर्थाथलाई पनि सम्बोधन गर्नुपर्छ। उदाहरणका लागि, विद्यालय जस्ता सार्वजनिक संरचना निर्माण गर्दा स्थानीय डकर्मीहरूले प्रयोग र परीक्षण गरिसकेको स्थानीय ज्ञान प्रयोग गर्ने र स्थानीय रूपमा उपलब्ध स्रोत सामग्रीको गुणस्तर सुनिश्चित गर्ने बारेमा पनि सोच्नुपर्छ। त्यसैगरि, निर्माण सामग्रीको बनावट र छनौटलाई असर पार्ने धार्मिक तथा अन्य सामाजिक कारकहरूलाई पनि ध्यानमा राखिनुपर्छ।

वक्ताहरूले पुनर्निर्माणका क्रममा सीप तथा प्रविधि हस्तान्तरणको नेतृत्व सरकारले लिनुपर्ने र स्थानीय समुदायहरू सहभागी हुनुपर्ने जनाउनुभयो। लचकता/प्रतिरोधी क्षमता प्रवर्द्धन गर्नका लागि डिजाइन र चित्रण सहितको भवन निर्माण सम्बन्धी व्यवहारिक हाते-पुस्तिका निर्माण तथा वितरण एउटा रणनीति हुनसक्छ। भवन निर्माण संहिता पालना गर्न आवश्यक कार्य सूचीको मानक विकास गर्न आपूर्तिकर्ता र अधिकारीहरूलाई सूचित गर्नु पनि उत्तिकै जरुरी छ। उनीहरूको भूमिका निर्माणको अनुगमनमा मात्र सिमित नभई स्थानीय समुदायमा चेतना वृद्धि गर्ने र निर्माण तरिकाका सफल उदाहरणहरूबाट सिकेका सर्वोत्तम अभ्यासहरू बाँड्नेमा पनि हुनुपर्छ।

भविष्यमा नेपालमा आउने सक्ने विपदको सम्भावनालाई पूर्वानुमान गर्दा, विपद पछिको अवस्थाका लागि सडक, विद्युत र सञ्चारको सेवाका बारेमा वैकल्पिक व्यवस्थाका बारेमा सोच्नु रणनीतिक हुन आउँछ। सत्रका वक्ताहरू सडक र विमानस्थलहरूलाई विशेष ध्यान दिइनुपर्नेमा सहमत भएका थिए। त्यसैगरी, आपूर्तिको सञ्जाल र अन्य सामाजिक सुरक्षाका उपायहरू पूर्व-तयारीका उपायहरुको रूपमा खोजिनु तथा विस्तार गरिनु पर्दछ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्थाहरूलाई विशेष ध्यान दिदै, ठोस अध्ययन तथा प्रमाणहरूको आधारमा सरकारले अल्पकालिन तथा दीर्घकालिन दुवै प्रकारका जग्गा अधिग्रहण र पुर्नस्थापना सम्बन्धी योजनाहरू ल्याउनु पर्दछ। यस्ता योजनाहरू प्रक्रियाको सुरुवातदेखि नै समुदायको पूर्ण सहभागीतामा तर्जुमा गरिनु पर्दछ। सफलतापूर्वक जग्गा अधिग्रहणका लागि पूर्वशर्तहरू सुनिश्चित गरिनुपर्दछ र यस्ता प्रयासहरूलाई राष्ट्रिय तथा क्षेत्रिय सरकारहरूले सहयोग गर्नुपर्दछ र स्थानिय सरकारलाई समन्वय गर्ने अधिकार दिइनुपर्दछ। स्थानिय स्तरमा पर्याप्त संख्यामा सीपयुक्त उच्च निष्ठावान मध्यस्तकर्ताका साथै वस्तुनिष्ठ र राम्ररी प्रशिक्षित भूमि मूल्याङ्कनकर्ताको सुनिश्चितता गराउनु एकदमै महत्वपूर्ण हुन्छ। दातृ निकायहरूले सरकारसँग काम गर्नु पर्ने र राष्ट्रिय रूपमा आधिकारिकता पाएको संस्थालाई आफ्नो जिम्मेवारी हस्तान्तरण गर्नु पर्नेमा सहभागीहरूको स्पष्ट धारणा रहेको थियो। दातृ समुदायले आफ्नो तुलनात्मक क्षमतामा काम गर्नु पर्दछ र सरकारलाई राहत र पुनर्निर्माणको चरणमा नेतृत्व, अगुवाई र नियमन गर्न दिनु पर्दछ।

स्रोत र आम्दानीहरूलाई एकीकृत गरेर गाविसहरूलाई समूहमा विभाजित गरिएको खण्डमा सेवा प्रदान गर्ने प्रक्रियामा सुधार ल्याउन सकिन्छ। यो उपाय गाविसहरूलाई भौतिक, आर्थिक र प्राविधिक रूपमा तयार हुनका लागि अघि सारिएको हो ताकि उनीहरूले विशेषगरी विपदको अवस्थामा आम जनतालाई आधारभूत सेवा प्रदान गर्न सकुन्।

विपद सम्बन्धी क्षतिपूर्ति प्रदान गर्नका लागि भरपर्दो तथ्यांकले महत्वपूर्ण भूमिका खेल्दछ। भूकम्प सम्बन्धी क्षतिका बारेमा गरिएका मुद्दालाई प्रमाणीकरण गर्नका लागि सरकारसँग संयन्त्रहरू स्थापित हुनु पर्दछ। सरकारले घरधूरीको स्तरमा क्षेत्रगत तथ्यांक (जस्तैः स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षा र आर्थिक अवस्था) लाई पनि एकीकृत गर्नुपर्दछ र अन्य विद्यमान तथ्यांकबाट पुनर्जांचको सुनिश्चितता गर्नुपर्छ।

सरकारलाई राहत र पुनर्निर्माणका लागि सरकारलाई कोषको आवश्यकता पर्दछ भन्ने तथ्यलाई विचार गर्दा ठूला प्रकारका पूर्वाधारहरूको विकास गर्नका लागि सरकारले निजी क्षेत्र र वैदेशिक लगानी प्रोत्साहन गर्ने किसिमको वातावरणलाई प्रवर्द्धन गर्नुपर्दछ ।

**यस सत्रबाट आएका सुझावहरू निम्नानुसार सारांशमा प्रस्तुत गरिएका छन्ः**

- स्थानिय ज्ञान र स्रोतहरू तथा स्थानिय सरोकारहरूलाई सम्बोधन गर्ने पर्याप्त ध्यान दिएको प्रावधानहरूसहितको विपद सम्बोधन रणनीतिको अबलम्बन् गर्ने ।
- स्थानिय विज्ञता तथा स्रोतहरूको प्रयोग गर्दै अनुकूल प्रविधिहरूको विकास गर्नका लागि सहयोग गर्ने ।
- भविष्यमा आउनसक्ने विपदको अवस्थाहरूको सामना गर्नका लागि पूर्वाधारहरूको विकास गर्ने ताकि यस्ता पूर्वाधार वैकल्पिक जीवनआधार बन्न सकुन्–यो सबै प्रकारका सार्वजनिक पूर्वाधारहरूमा लागु गरिनु पर्दछ ।
- गाविसहरूलाई निश्चित आकारमा व्यवस्थापन गर्न सकिने हिसाबले एकीकृत गर्ने ताकि सेवाहरूलाई सबैभन्दा तलको प्रसाशनिक स्तरसम्म प्रदान गर्न सकियोस् ।
- विपदको दौरान तथ्यांकको संकलन तथा प्रचार प्रसार गर्ने संयन्त्रको स्थापना/विकास गर्ने ।
- विदेशी सहितका निजी क्षेत्रसँग भएका स्रोतहरूको पूर्ण सदुपयोग गर्ने ।

## सत्र २ गः संस्थागत समन्वय, तथ्यांक व्यवस्थापन र सञ्चार माध्यम

**संस्थागत समन्वय, तथ्यांक व्यवस्थापन र सञ्चार माध्यम उपर भएको सत्रमा विमर्श गरिएका मुख्य मुद्दाहरू निम्नानुसार रहेका छन्ः**

- सरकारी निकायहरू बीच विद्यमान रहेको अन्तर-निकाय समन्वयको पुनरावलोकन गर्ने
- दातृ निकायहरू बीच विद्यमान रहेको अन्तर-निकाय समन्वयको पुनरावलोकन गर्ने
- विभिन्न क्षेत्रहरू (सरकार, गैर-सरकारी संस्थाहरू, नागरिक समाजका संस्थाहरू, दातृ निकायहरू, आदि) बीच विपद व्यवास्थापनको विभिन्न चरणहरू (विपद पूर्व, खोजी तथा उद्धार, राहत कार्य, पुनर्निर्माण क्रियाकलाप, र अन्य सार्वजनिक सेवा प्रदान गर्ने) मा समन्वय गर्नका लागि कस्ता संयन्त्रहरू र अवसरहरू विद्यमान रहेका छन् ?
- सरकार र जनताबीचको दूरीलाई कम गर्नका लागि निर्वाचित सदस्यहरूको भूमिका कस्तो हुन्छ ?
- समावेशी विपद सम्बोधनका लागि कस्तो किसिमका संस्थाहरू परिचालन गर्न सकिन्छ ?
- विपद सम्बन्धी सूचना (भौतिक तथा मानवीय क्षति) ठूलो समुदायका लागि कसरी संकलन र प्रवाह गर्न सकिन्छ ? यो कार्य कसले गर्ने हो ? यो सम्पूर्ण प्रक्रियामा सूचना प्रविधिलाई कसरी समायोजन गर्न सकिन्छ ? तथ्यांक व्यवस्थापनमा गैर-सरकारी सूत्रधारहरूलाई कसरी संलग्न गर्न सकिन्छ ?
- विपद पछिको सरकारी सूचना प्रवाहलाई जनतासँग प्रभावकारी रूपमा पुऱ्याउनका लागि सुनिश्चितता ।
- विपद पछिको सञ्चारको भूमिका ।

स्थानिय निकाय जन-प्रतिनिधि विहिन हुनुलाई हालै आएको विपदका कारण महसुस गरिएको सबै भन्दा ठूलो अभावको रूपमा लिनका लागि वक्ता तथा सहभागीहरू सहमत भएका थिए । केन्द्रिय स्तरबाट मनोनित भएका कर्मचारीहरू स्थानिय समुदाय प्रति स्थानिय रूपमा निर्वाचित भएका प्रतिनिधिहरू भन्दा कम उत्तरदायी हुने सम्भावना हुन्छ किनभने स्थानिय रूपमा निर्वाचित प्रतिनिधिहरूसँग गहिरो सामाजिक सम्बन्ध हुन्छ र उनीहरूले आफूले प्रतिनिधित्व गर्ने समुदायबाट लामो राजनीतिक भविष्यको आशा गरेका हुन्छन् । सरकारी कर्मचारीहरू आफ्नो जिम्मेबारीबाट विमुख भएका केही विषयहरू पनि सहभागीहरूले उठाएका थिए; र सहभागीहरू यसमा विश्वस्त रहेका थिएकी यस्तो गैर जिम्मेवारीपन निर्वाचित प्रतिनिधिहरूबाट कहिल्यै हुदैन । स्पष्ट रूपमा, स्थानिय रूपमा उत्तर दायित्वको बढावालाई सुनिश्चित गर्ने एकमात्र उपाय, विशेषगरी यस्तो विपद पछिको अवस्थामा, सरकार र ठूला राजनीतिक स्थापनाहरूले जति सक्दो चाँडो स्थानिय निर्वाचन गराउनु हो ।

हालै आएको भूकम्प पश्चातको तात्कालिन अवस्थामा नेपाली सञ्चार माध्यमले जनतालाई लगभग सबै क्षेत्रमा सुसूचित राख्नका लागि खेलेको भूमिका एकदमै प्रशंसनीय रहेको छ । विपद पछिको सम्बोधनको विषयलाई सु-सूचित रूपमा प्रस्तुत गर्नका लागि नेपालका स्थापित सञ्चार गृहहरूले प्रयासको हकमा यो सत्य रहेको छ । यद्यपि, त्यस्ता केही उदाहरणहरू पनि रहेका छन् जसमा दुवै राष्ट्रिय र अन्तर्राष्ट्रिय पत्रकार (र छद्म-पत्रकार) ले विपद पत्रकारिताको मापदण्ड अनुरूप पत्रकारिता गर्न चुकेका थिए जसमार्फत वास्तविकताको असत्य वा भ्रामक प्रतिनिधित्व भएको थियो । यसका साथै, राहत तथा उद्धारमा संलग्न भएकाहरूलाई हतोत्साही गर्ने सम्भावनासम्म पत्रकारिता भएको थियो, यसले सर्वसाधरणको मनोविज्ञानमा दीर्घकालिन असर पनि पुऱ्याउन सक्छ । सरकार, सञ्चार उद्योग र सर्वसाधारणले अझ जिम्मेवार पत्रकारिताको माग गर्नुपर्दछ, विशेषगरी यस्तो तनावपूर्ण अवस्थामा ।

विपद पछिको स्रोतको नक्साङ्कन गर्नका लागि सरकारले लगानी गरेको सहाना विपद व्यवस्थापन प्रणालीका बारेमा जनाइएअनुसार यो प्रणालीले सुरुवाती अवस्थामा धेरै समस्याहरू भोगेको थियो किनभने यसमा कार्यसम्पादन गर्ने क्षमता थिएन (कम्तीमा सुरुवाती चरणमा, तर हेर्दा समस्या समाधान गरिएको थियो), अप्रचलित र श्रम केन्द्रित थियो । यसका साथै, कर्मचारीहरू स्थानिय रूपमा बनाइएको विकल्पमा (निःशुल्क) स्थानतरण गर्न हिच्किचाएको थियो जसले उस्तै तथ्यांक प्रणाली प्रदान गर्न सक्ने थियो । सरकार र (विकाससँग सम्बद्ध निकाय) हरूले स्थानिय युवाले बनाउन सक्ने विशेषगरी सूचना प्रविधिको क्षेत्रमा, प्राविधिक सामाधानहरू प्रति विश्वास बढाउन, सहभागीहरूले सुझाएका थिए । यसले स्थानिय ज्ञानको आधारलाई बढाउने मात्रै नभएर यस्ता प्रणालीहरूको संरक्षण/ममर्त गर्ने समय र खर्च पनि घट्छ ।

जनतासँग राम्ररी र पर्याप्त रूपमा सञ्चार गर्ने सरकारको क्षमता, विशेषगरी विपदको समयमा, एकदमै महत्वपूर्ण रहेको हुन्छ । जनताले स्वभावतः उनीहरूको सहयोगका लागि राज्य कहिले आउछ भनेर जान्ने आशा गरिरहेका हुन्छन् । तसर्थ, सरकारको गतिविधि तथा राहतको तालिकाको बारेमा निरन्तर रूपमा जनतालाई जानकारी गराइ राख्नका लागि आम सञ्चारमाध्यमको प्रयोग गर्नाले जनतालाई चिन्ताबाट मुक्ति मात्रै दिलाउदैन, अपितु सहयोग गर्न चाहाने अन्य पक्षहरूलाई उनीहरूको कार्य सञ्चालन गर्ने स्थान र राहत सञ्चालन गर्न उनीहरूले गर्ने प्रयासहरूलाई समन्वय गर्न पनि सहयोग पुग्दछ । आफ्नो विविध जनसंख्यासम्म पुग्नका लागि, सरकारले राष्ट्रिय नीति, नियम, तथा कानूनहरूलाई धेरै भाषामा उपलब्ध गराउनका लागि प्रयासहरू गर्नु पर्दछ । सरकारले सञ्चालन गर्ने पुनर्निर्माणका कार्यहरूमा पारदर्शीताको प्रवर्द्धन गर्नका लागि सरकारले सञ्चार माध्यमसँगको संलग्नता बढाउनु पर्दछ ।

पुनर्निर्माणका लागि विद्युतीय शासनको सुधारिएको अन्तर संस्थागत समन्वय तथा तथ्यांक व्यवस्थापन गर्नका लागि एक महत्वपूर्ण भूमिका हुने कुरा सहभागीहरूले महसुस गरेका थिए ।

राष्ट्रिय आपतकालिन कार्य सञ्चालन केन्द्रको समन्वय गर्ने, क्षमता वृद्धि गर्न र आवश्यक स्रोतहरू प्रदान गर्नका लागि सरकारले लगानी गर्नु आवश्यक छ ।

प्रस्तावित पुनर्निर्माण प्राधिकरण आफैं परियोजनाहरूको गहन कार्यान्वयनमा केन्द्रित रहनु भन्दा पनि समन्वय र कार्यान्वयनका लागि संयन्त्र विकास गर्न केन्द्रित हुनु पर्नेमा एकमत देखिएको थियो । पुनर्निर्माणको चरण

एक चुनौतीपूर्ण चरण हो र यो सबैलाई टुङ्गोमा पुऱ्याउनका लागि पैसा मात्रै भएर पुग्दैन । यसका लागि सरकारसँग कार्यान्वयन र उत्तरदायित्वको सुनिश्चितताका लागि पर्याप्त कानूनको कार्यान्वयन तथा हाम्रो कानूनी पूर्वाधारहरूको क्षमता विकास गर्ने लगायतका आवश्यक संयन्त्र तथा प्रोत्साहनका उपायहरू होस् भन्ने कुराको सुनिश्चिता हामीले गर्नु पर्दछ ।

सरकारका केही निकाय जस्तै नेपाल प्रहरीले गरको सामाजिक सञ्जालको प्रयोगलाई जनताहरूले एकदमै प्रशंसा गरेका थिए, तर सरकारले सबै सम्बन्धित निकायहरूले पनि सामाजिक सञ्जालको एकदमै प्रभावकारी प्रयोग गरुन् भन्नका लागि सामाजिक सञ्जाल सम्बन्धी तालिमहरूमा लगानी गर्नु पर्दछ ।

खुला स्रोत (ओपन सोर्स) भएका तथ्यांक व्यवस्थापन मञ्चहरूको प्रयोग गर्दै सरकारले आफ्नो कार्यकौशल तथा उत्तरदायित्व बढाउन सक्छ ।

## यस छलफलबाट बाहिर आएका सुझावहरूको सारसंक्षेप निम्नानुसार प्रस्तुत गरिएको छः

- स्थानिय निर्वाचन जति सक्दो चाँडो सम्पन्न गराउने किनभने स्थानिय रूपमा निर्वाचित निकायहरूले तुलनात्मक रूपमा राम्रो समन्वय, उत्तरदायित्व र चुस्त सेवा प्रदान गर्ने कुराको सुनिश्चितता गर्दछन् ।
- सञ्चार माध्यमहरूले आफ्नै कानूनको पुनरावलोकन गर्नु पर्दछ । जिम्मेवार पत्रकारिता सबैको हितमा हुन्छ । सञ्चार माध्यको स्व-नियमन एक प्रमुख उपाय हुन सक्छ ।
- प्राविधिक सेवाको विकास गर्नका लागि मौलिक क्षमतामा विकास गर्नुपर्दछ । सरकारी निकायहरूले नेपाली युवाको आधुनिक सूचना तथा सञ्चार प्रविधिमा रहेर प्राविधिक सेवा प्रदान गर्न सक्ने क्षमता उपर विश्वास देखाउनु पर्दछ ।
- सञ्चारको प्रभावकारी प्रणालीको स्थापना गर्ने ताकि हो-हल्ला प्रति तत्कालै सम्बोधन गर्न सकियोस् ।
- राष्ट्रिय आपतकालिन कार्य सञ्चालन केन्द्रलाई आवश्यक स्रोत-साधनहरूले सम्पन्न बनाउने । घविकास गर्न केन्द्रित हुनु पर्ने ।


# भाग २: पुनर्निर्माणको वित्तीयन, आर्थिक पुनर्उत्थान र आर्थिक वृद्धिको प्रवर्द्धन

दोस्रो दिनको छलफल विपदको आर्थिक पक्षमा केन्द्रित रहेको थियो। पर्याप्त सार्वजनिक तथा निजी लगानी मार्फत अर्थतन्त्रलाई पुनर्जीवित पार्ने दिशा तर्फ यस सत्र विशेष रूपमा केन्द्रित भएको थियो। देशको समष्टिगत अर्थतन्त्रमा विभिन्न नीतिगत उपायहरूले पार्न सक्ने असर र विपद पछिको समयमा अर्थतन्त्रलाई बलियो बनाउने उपायका बारेमा पनि छलफलले समेटेको थियो। छलफलहरू पाँचवटा सत्रहरूमा चलाइएका थिए (दिनको पहिलो भागमा तीन समानान्तर सत्रहरू र दिनको दोस्रो भागमा दुई समानान्तर सत्रहरू): ३क. पुनर्निर्माण र पुनर्स्थापनामा लगानी, ३ख. कृषि, ३ग. व्यापार र लघु, साना तथा मझौला उद्यमहरू, ४क. पर्यटन, ४ख. निजी लगानीमा वृद्धि। यस भागको पहिलो खण्डले विपद भन्दा पहिलेको अर्थतन्त्रको बारेमा संक्षिप्त व्याख्या गरेको थियो र दोस्रो खण्डमा सत्रअनुसारको छलफल भएको थियो।

## क. वृद्धि र संरचना

बैशाख १२ भन्दा अघि नेपालको अर्थतन्त्र एकदमै सुस्त गतिमा वृद्धि भइरहेको थियो।

चित्र १: नेपालको कूल ग्राहस्थ उत्पादनको वृद्धिदर




स्रोत: केन्द्रिय तथ्यांक विभाग, २०१५[3]

विगत ८ वर्षको कूल ग्राहस्थ उत्पादनको औसत वृद्धिदर ४.२५ प्रतिशत रहेको थियो। सन् २०१३ को तुलनामा सन् २०१४ मा भएको विप्रेषणको बलियो जगको साथै राम्रो कृषि उत्पादन र निर्माण उद्योगको पुनर्उत्थानले अर्थतन्त्रलाई केही माथि लाग्न मद्दत गरेको थियो। यद्यपि, एशियाली विकास बैंकको २०१४ को प्रक्षेपणले 'ढिलो र सामान्य भन्दा तल भएको मनसुन'[4] का कारण उत्पादन ओरालो लाग्ने प्रवृत्ति देखाइसकेको थियो।

3 थप जानकारीका लागि हेर्नुहोस्: http://cbs.gov.np/wp-content/uploads/2015/06/Compilation-Tables-after-earthquake.pdf
4 एशियाली विकास बैंक, इकोनोमिक आउटलुक - नेपाल २०१४।

चालु आर्थिक वर्षको बजेटमा सरकारकले ५.५ प्रतिशतको वृद्धिको लक्ष्य राखेको थियो । केन्द्रिय तथ्यांक विभागको पछिल्लो भूकम्प पूर्वको अनुमान अनुसार अपेक्षित वृद्धि ४.५८ प्रतिशतमा कायम रहने प्रक्षेपण गरेको थियो । विनाशकारी भूकम्पको कारणले गर्दा विभागको अनुमान थप घटेर ३.०४ प्रतिशतमा कायम भएको छ ।[5] विगत सात वर्षको तुलनामा यो सबैभन्दा न्यून वृद्धिदर हुनेछ जसमा कृषि र गैर-कृषि दुवै क्षेत्रलाई ढिलो वर्षा र विनाशकारी भूकम्पले नराम्ररी प्रभाव पारेको छ ।

तालिका १: नेपालको आर्थिक वृद्धिदरको संरचना

| **औद्योगिक वर्गीकरण** | **स्थिर मूल्यमा वृद्धिदर (प्रतिशतमा)** | | | **२०१४/१५ भूकम्प पश्चात** |
|---|---|---|---|---|
| | 2012/13 | 2013/14 | २०१४/१५ भुकम्प अघि | |
| कृषि तथा वन | 1.07 | 2.84 | 2.17 | 1.79 |
| मत्स्यपालन | 2.71 | 4.90 | 6.32 | 6.31 |
| खानी तथा उत्खनन | 1.98 | 5.38 | 4.28 | 0.86 |
| उत्पादनमूलक | 3.72 | 6.28 | 4.55 | 2.35 |
| विद्युत, ग्यास तथा पानी | 0.28 | 3.51 | 1.17 | 1.16 |
| निर्माण | 2.45 | 7.13 | 5.89 | 3.56 |
| थोक तथा खुद्रा व्यापार | 7.25 | 9.01 | 5.59 | 3.43 |
| होटल तथा रेष्टुँराँ | 5.50 | 6.77 | 6.60 | 3.98 |
| यातायात, भण्डारण र सञ्चार | 7.65 | 8.29 | 7.88 | 5.23 |
| वित्तीय मध्यस्तता | 0.91 | 3.70 | 2.01 | 1.37 |
| घर जग्गा (रियल इस्टेट), भाडा तथा व्यापारिक गतिविधि | 5.19 | 3.64 | 4.86 | 0.77 |
| सार्वजनिक प्रशासन तथा रक्षा | 5.53 | 5.04 | 5.76 | 5.76 |
| शिक्षा | 5.92 | 4.81 | 6.47 | 4.97 |
| स्वास्थ्य र सामाजिक कार्य | 4.48 | 4.50 | 9.82 | 10.04 |
| अन्य सामुदायिक, सामाजिक र व्यक्तिगत सेवाका गतिविधिहरू | 4.79 | 4.77 | 6.07 | 5.33 |

स्रोत: केन्द्रिय तथ्यांक विभाग, २०१५[6]

सन् २०१४ मा, सेवा क्षेत्र, कृषि क्षेत्र र औद्योगिक क्षेत्रले कूल ग्राहस्थ उत्पादनमा क्रमश: ६०, ३० र १० प्रतिशतको योगदान दिए (यी संख्याहरू अनुमानित हुन्)[7] । यद्यपि, माथिको तालिकामा केन्द्रिय तथ्यांक विभागको प्रक्षेपणले देखाए अनुरूप, कृषि तथा वन, थोक तथा खुद्रा व्यापार, होटल तथा रेष्टुराँ, भण्डारण र सञ्चारका साथै वित्तीय मध्यस्तता, घर जग्गा (रियल इस्टेट), भाडा तथा व्यापारिक गतिविधि र शिक्षालाई सबैभन्दा बढी असर पुगेको छ । यसले सेवा र कृषि क्षेत्रमा उल्लेख्य मात्रामा नोक्सान हुने देखाउछ । भूकम्पका कारण पर्यटनले ठूलो असर भोग्नु पर्ने देखिन्छ ।

सन् २०१० देखि २०१४ बीचको पाँच वर्षको अवधिमा औसत मुद्रास्फीति दर ९.१ प्रतिशत रहेको छ ।[8] यस प्रक्रियासँग जोडिन सक्ने केही कारणहरूमा नेपालमा उत्पादन हुने सामान तथा सेवाको कमी (मागको सापेक्षमा कृषिजन्य उत्पादन सहित) र भारतमा बढ्दै गइरहेको मूल्यको स्तर पर्दछन् । प्रत्येक वर्ष, अन्नबालीको उत्पादनको मूल्य बढी रहेको छ, किनभने देशमा पर्याप्त मात्रामा विद्युत छैन, मलको अभाव सधैं हुन्छ, यातायात र ढुवानीमा समस्याहरू रहेका छन् र आधुनिक प्रविधि र कृषिका आधुनिक उपायहरू तर्फ रूपमान्तरण हुने क्षमता छैन । फलस्वरूप, सापेक्षित उत्पादन ओरालो लागीरहेको छ भने बढीरहेको मागलाई खाद्यान्न आयातले धान्नु पर्ने स्थिति छ ।

5 स्रोत: केन्द्रिय तथ्यांक विभाग, २०१५ । थप जानकारीका लागि हेर्नुहोस्: http://cbs.gov.np/wp-content/uploads/2015/06/Compilation-Tables-after-earthquake.pdf
6 थप जानकारीको लागि हेर्नुहोस्: http://cbs.gov.np/wp-content/uploads/2015/06/Compilation-Tables-after-earthquake.pdf
7 म्याक्रो इकोनोमिक अपडेट नेपाल, फेब्रुअरी २०१५, एडीबी ।
8 विश्व बैंकको तथ्यांक: http://data.worldbank.org/indicator/FP.CPI.TOTL.ZG

## ख. आर्थिक विकासका चुनौतीहरू

भूकम्प भन्दा अघि, नेपाली अर्थतन्त्रका मुख्य चुनौतीहरूले नेपालको नीतिगत र नियमनकारी वातावरणमा जरा गाडेर बसेका छन् । विदेशी तथा स्वदेशी दुवै लगानीकर्ताहरूको लगानीको प्रतिवद्धतामा आएको वृद्धिका बावजुद नेपालमा व्यापार गर्नका लागि आइपर्ने अप्ठ्यारा तथा सुधारका लागि प्रस्ताव गरिएका अधिकांश विधयेक सरकारी कर्मचारीतन्त्र वा संसदमा अड्केर बसेका कारण भएको अनिश्चित नीतिगत व्यवस्थाको फल स्वरूप वास्तविकतामा परिणत हुन सकेका छैनन् । विश्व बैंक समूहले प्रकाशित गर्ने 'इज अफ डुइङ्ग बिजनेस प्रतिवेदन २०१५'ले नेपाललाई विश्वका १८९ वटा अर्थतन्त्रमध्ये १०८ औं स्थानमा राखेको छ[9] । त्यसैगरी, इकोनोमिक फ्रिडम अफ द वर्ल्ड प्रतिवेदन २०१४ ले नेपाललाई १५२ वटा अर्थतन्त्रमध्ये १२६औं स्थानमा राखेको छ[10] । यी अध्ययनहरूले प्रकाश पारेका मुख्य सरोकारका विषयहरूमा उद्यम सुरु गर्न, वित्तिय सेवामा पहुँच पुऱ्याउन, कर तिर्न, अन्तरदेशीय व्यापार र दिवालीयापन को व्यवस्थापन गर्नका लागि पर्ने अप्ठ्याराहरू पर्दछन् । समृद्धि फाउण्डेसनले किराना पसलहरूको बारेमा गरेको एक अध्ययन अनुसार, यस्ता पसलहरू चार विभिन्न निकायहरूमा दर्ता गरिनु पर्दछ, ६ वटा विभन्न सरकारी निकायहरूले यस्ता पसलहरूको अनुगमन गर्दछन् र कम्तीमा देशको १६ वटा कानूनहरू अर्न्तगत रहनु पर्दछ[11] । यसका साथै, राजनीतिक अस्थिरता, कर्मचारीतन्त्रको अत्याधिक जटिलता, र उदारीकरणको अर्न्तवस्तुसँग मेल खान असफल रहने नीति तथा कानूनले सरकारले गर्ने घोषणा तथा प्रतिवद्धता प्रति आम जनताको अविश्वास निम्त्याएका छन् ।

पूँजीगत खर्च सरकारको लागि अर्को चुनौती रहेको छ । सन् २०१५ को आर्थिक वर्षको पहिलो ६ महिनामा पूँजीगत खर्चका लागि विनियोजित रकम मध्ये २६.२ प्रतिशत रकम मात्र खर्च हुन सकेको छ । सन् २०१३/१४ को आर्थिक वर्षमा विनियोजित गरिएको कूल पूँजीगत खर्चको ७५ प्रतिशत वास्तविक रूपमा खर्च भयो । यो प्रवृत्तिलाई नियाल्दा, यस वर्ष पनि लक्ष्य हासिल नहुने देखिन्छ, र भूकम्प पछिको अवस्थामा यो अझ न्यून हुन सक्छ । विकासशील अर्थतन्त्रमा यसले आर्थिक गतिविधिलाई बढावा दिने पर्याप्त पूर्वाधारको कमीलाई निम्त्याउँछ । कृषक तथा अन्य सेवा प्रदायकहरूलाई बजार/उपोभोक्तासँग जोड्ने अपर्याप्त यातायातको सञ्जाल अपर्याप्तता, उद्योगहरूलाई आवश्यक पर्ने उर्जाको कमी आदि यस्ता स्पष्ट क्षेत्रहरू हुन जसले नेपाल सरकारसँग पूँजीगत खर्च गर्न सक्ने क्षमता नभएको कुरालाई प्रतिबिम्वित गर्दछन् ।

करारको प्रवर्तन र सम्पत्तिको अधिकारको सुरक्षा केही यस्ता मुद्दाहरू हुन जसलाई नेपालले आर्थिक विकासको गतिलाई तीव्रता दिनका लागि सुधार गर्नु पर्ने हुन्छ । आफ्नो सम्पत्ति माथिको अधिकार आफ्नै हिसाबले अभ्यास गर्न पाउने जनताको स्वतन्त्रा, आफ्नो सम्पत्ति माथिको अधिकारको सुरक्षाका लागि राज्यको संयन्त्र प्रतिको विश्वास र करारको प्रवर्तनको प्रतिवद्धताले जनतालाई बढी भन्दा बढी आर्थिक क्रियाकलापमा संलग्न हुन प्रोत्साहित गर्दछ । यसका साथै, यसले जनतालाई अनुमानको वृत्ति प्रदान गर्दछ, जसले कुनै पनि उद्यमीको व्यापारिक आत्मविश्वासलाई ठूलो बढावा दिन्छ । यद्यपि, नेपालमा सरकार आफैं जनताको सम्पत्ति माथिको अधिकार हनन् गर्ने रूपमा चिनिएको छ (जसलाई काठमाडौं उपत्यका तथा उपत्यका बाहिर भएको सडक विस्तार परियोजनाले स्पष्ट रूपमा दर्शाएको छ), सरकार करारहरू उल्लंघन गर्नका लागि बदनाम रहेको छ, र विवादहरूको समाधान गर्नका लागि भएका कानूनी प्रक्रियाहरू एकदमै झन्झटिला र महङ्गो रहेका छन् । समग्र रूपमा यी सबै पक्षहरूले आर्थिक क्रियाकलापको प्रत्याशाका लागि एक महत्वपूर्ण सीमाको निर्धारण गरेका छन्, जुन यी पक्ष नहुँदाको हकमा नेपालमा सजिलैसँग अभ्यास गर्न सकिन्छ ।

वित्तीय उत्पादनमा पहुँच, नेपालका इच्छाशक्ति भएका उद्यमीहरूको माझ प्रायः चर्चा भइरहने अको समस्या हो । वाणिज्य बैंक तथा अन्य ठूला वित्तीय संस्थाहरू ठूला व्यापार/संस्थाहरूलाई सेवा पुऱ्याउन सजिलो

9 विश्व बैक, इज अफ डुइङ्ग बिजनेस प्रतिवेदन २०१५. http://www.doingbusiness.org/data/exploreeconomies/nepal/ मा उपलब्ध

10 फ्रेजर इन्स्टिच्यूट, इकोनोमिक फ्रिडम अफ द वर्ल्ड प्रतिवेदन, २०१४ । http://www.freetheworld.com/2014/EFW2014-POST.pdf मा उपलब्ध ।

11 समृद्धि फाउण्डेसन, इकोनोमिक फ्रिडम म्याटर्सः डज् इकोनोमिक फ्रिडम अफेक्ट किराना पसल्स् इन नेपाल ? २०१३ http://samriddhi.org/publications/economic-free-dom-matters-does-economic-freedom-afect-kirana-pasals-in-nepal/ बाट लिइएको अधिक जानकरीका लागिः http://www.dofe.gov.np/new/uploads/article/year2070-71.pdf

मानिरहँदा, उनीहरूका लागि लघु, साना तथा मझौला प्रकारका उद्यमीहरूलाई सेवा प्रदान गर्न तुलनात्मक रूपमा महङ्गो पर्न आउँछ, किनभने उनीहरूले (यस्ता व्यापारमा) गर्ने लगानीको रकमको तुलनामा प्रसाशनिक खर्च उच्च हुन आउँछ। वित्तीय नविनता र लेखा प्रणालीको कमजोर कार्यान्वयनका कारण आयोजनामा लगानी (प्रोजेक्ट फाइनान्सिङ्ग) नेपालमा उपलब्ध हुन सकेको छैन। स्वभावतः बैंकहरूले त्यस्तो परियोजनासँग जोडिएर आउने जोखिम वहन गर्न सक्दैनन् किनकी उनीहरू जनताको पैसाले चलेका हुन्छन्। यसले यस्ता साना उद्यमीहरूलाई आफ्ना साथीभाई, आफन्त, साहू, सहकारी र लघु वित्तीय संस्थाहरूबाट वित्तीय सेवा खोज्न बाध्य बनाउँछ, र त्यस्ता सेवाहरू महङ्गो पर्न जान्छन्, अपर्याप्त समयका लागि मात्र उपलब्ध हुन्छन् र उनीहरूले दिने सेवा उद्यमलाई ठूलो बनाउन र आर्थिक विकासमा केही ठोस् योगदान पुऱ्याउनका लागि अपर्याप्त हुन्छ। तथापि, नेपालका विद्यमान कानूनअनुसार, उद्यमीहरूका लागि मूलधारको वित्तीय संयन्त्रको कुनै औपचारिक विकल्प छैन। तसर्थ, वैकल्पिक वित्तीय व्यवस्था जस्तै, भेन्चर पूँजी, निजी इक्वीटी लगानीलाई व्यवहारीक वैकल्पिक विधिका रूपमा सार्वजनिक मञ्च तथा सम्वादहरूमा अगाडि बढाइनु पर्दछ।

## ग. रोजगारीका चुनौतीहरू

नेपालको आधुकिन इतिहासको प्रायः सबै कालखण्डमा, देश भित्रै पर्याप्त रोजगारीको कमी नेपालका लागि एक प्रमुख चुनौती बन्दै आएको छ। देश भित्र नयाँ रोजगारीका अवसरहरू सिजर्ना गर्ने कुरा, तसर्थ राजनीतिक पार्टीहरूका लागि सबैभन्दा बिक्रियोग्य बूदाँ रहदै आएको छ। प्रत्येक दिन १५०० भन्दा बढी युवक तथा युवतीहरू रोजगारीको अवसर खोज्दै देशबाट बाहिरिन्छन्, विशेष गरी मलेशिया तथा मध्य-पूर्वी देशहरूमा जानका लागि। वैदेशिक रोजगार विभागको प्रतिवेदन अनुसार, सन् २०१३/१४ मा मात्रै, १० लाख भन्दा बढी मानिसहरूले वैदेशिक रोजगारीमा जानका लागि इजाजत पत्र लिएका थिए[12]।

देश भित्र रोजगारीका पर्याप्त अवसरको कमी प्रायः नेपालमा व्यवसाय सुरु गर्न र सञ्चालन गर्नका लागि आइपर्ने अप्ठ्यारासँग जोडिएर आउँछन्। नेपालमा नेपली र विदेशी, दुवैका लागि व्यापार दर्ता र सञ्चालन गर्न (जसले धेरैका लागि रोजगारीको अवसर सिर्जना गर्न सक्छ) गाह्रो रहेको छ, जसलाई इज अफ डुइङ्ग विजनेस प्रतिवेदन र इकोनोकि फ्रिडम अफ द वर्ल्ड प्रतिवेदनहरूले स्पष्ट रूपमा दर्शाएका छन्। एका तर्फ, एउटा विज्ञहरूको भिड छ जसले कामका लागि विदेशीने नेपाली (किनभने उनीहरूले नेपालीमा रोजगारीको अवसर पाउदैनन्) को प्रवृत्तीलाई दिमागी पलायन (ब्रेन ड्रन) देखि लिएर  राष्ट्रियताको भावनाको अत्यन्तै कमी जस्ता कुरासम्मलाई जोड्छन भने अर्को तर्फ हामीले विभिन्न तहमा नेपालमा आउन तथा लगानी गर्न चहाने विदेशीहरूलाई रोकिरहेका छौं। व्यापारिक र बसोवासको प्रवेशाज्ञा लिनका लागि पर्ने अप्ठ्याराहरू, विदेशी व्यवस्थापक तथा प्राविधिक विज्ञलाई काममा राख्नका लागि लिइनु पर्ने अनुमति, व्यापार बन्द गर्नका लागि भएका व्यवधानहरू, भौतिक तथा संस्थागत पूर्वाधारको कमी, राज्यका निकायहरूद्वारा प्रदान गरिने सेवा (न्यानपालिका सहित) को न्यून गुणस्तर, कर्मचारीतन्त्रको कार्यसम्पादनको बारेमा सोचिदै आइएको अपारदर्शीता, लगानीका लागि आवश्यक पर्ने जग्गा अधिग्रहण गर्नका लागि आइपर्ने व्यवधानहरू केही कारणहरू हुन् जसको कारणले विदशीहरू नेपाल आउन अप्ठ्यारो मान्छन्।

औपचारिक क्षेत्रमा औद्योगिक सम्बन्धको विद्यमान कमजोर अवस्था सीमित मात्रामा रोजगारीका अवसरहरू सिर्जना हुनका पछाडिको मुख्य कारण हो। देवयानी इन्टरनेश्नलले केएफसी र पिजा हटका काठमाडौँमा रहेका शाखाहरू अनिश्चितकालका लागि बन्द गर्न गरेको हालैको निर्णय र बजारबाट बाहिरनका लागि अनुमतिका लागि दिएको आवेदनले समग्रमा घरेलु र विदेशी दुवै प्रकारका लगानीकर्ताहरूका लागि श्रम विवादले कसरी ठूलो क्षतिको कारण बनिरहेको छ भन्ने कुरा प्रष्ट्याउनका लागि एक राम्रो विषय हुन सक्छ। राज्यले श्रम विवादलाई सामधान गर्नका लागि खडा गरेको काठमाडौँमा भएको एउटा र देशको अन्य दश स्थानमा भएका श्रम अदालतमा थुप्रिएका विचाराधिन मुद्दाहरू र कर्मचारीतन्त्रको झन्झट् तथा क्षेत्रगत विज्ञताको कमीले गर्दा कर्मचारी तथा रोजगार दातहरू बीच हुने विवाद समाधानलाई धेरै समय तथा खर्च लाग्ने बनाएको छ। नेपालमा रोजगारदाताहरूका लागि कर्मचारीको पूर्ती गर्नका लागि प्रायः यो एक ठूलो हतोत्साही पक्षको रूपमा रहेको छ।[13]

12 अधिक जानकरीका लागि: http://www.dofe.gov.np/new/uploads/article/year2070-71.pdf

13 किस्रनन् ए. र जोशी, ए. (२०१४)। पोलिसी अप्सन्स् फर इम्प्रुभिङ्ग इन्डस्ट्रीयल रिलेसन्स् इन नेपाल, काठमाडौँ, नेपाल: समृद्धि फाउण्डेसन

नेपालमा विद्यमान उद्योगको लागि प्रतिकूल वातावरण र रोजगारीको स्थितिको आफ्नै जटिलता रहेको स्थितिमा, फलस्वरुप विदेशी भूमिमा रोजगारीका अवसरहरु खोज्न बाध्य रहेका ठूलो संख्याको युवाहरुले गरिब नेपाली जनताका लागि यद्यपि केही राहतको काम गरेका छन् । विगत २० वर्षमा (सन् ९०को मध्य देखिको समय नेपाली जनताको अन्तराष्ट्रिय आप्रवासनको वृद्धि समयावधिको रुपमा हेरिएको छ), सन् १९९४मा ५ करोड अमेरिकी डलर देखि सन् २०१३सम्ममा ५५५.१ करोड अमेरिकी डलर हुदाँ विप्रेषण १११ गुणाले बढेको छ । [14]नेपालमा गरिबीको दर घटाउन, ग्रामीण नेपाली जनताको जीवनस्तर उकास्न र उनीहरुको शिक्षा, स्वास्थ्य र अन्य सेवा माथिको पहुँच बढाउनका लागि यसले बृहत्तर रुपमा योगदान पुऱ्याएको छ ।[15]

## खण्ड २: सम्मलेनको प्रक्रियाहरु

## सत्र ३ (क): पुनर्निमार्ण र पुनर्स्थापनाका लागि लगानी

### पुनर्निर्माण र पुनर्स्थापनाको यो सत्र निम्न प्रश्नहरु माथि केन्द्रित रहेको थियो:

- पुनर्निर्माण तथा पुनर्स्थापनामा  लगानी गर्नका लागि नेपालमा कस्तो प्रकारको अर्थ व्यवस्था रहेको छ ?
- उक्त अर्थ व्यवस्थाले निजी क्षेत्रको लगानीलाई विस्थापित गर्दैन भनेर हामीले कसरी सुनिश्चितता गर्न सक्छौं ?
- उक्त अर्थ व्यवस्थाले  वित्तीय भार आगामी पिंढीमा  सर्दैन भनेर हामीले कसरी सुनिश्चित गर्न सक्छौं ?
- विपद पछिको अवस्थामा कस्ता प्रकारका आर्थिक प्याकेजहरु प्रभावकारी हुन्छन् ? कस्ता प्रकारका आर्थिक प्याकेजहरु नेपालका लागि अप्रभावी सिद्ध भएका छन् ? हामीले हाम्रो तथा अन्य देशहरुको विगतबाट के-कस्ता पाठहरु सिक्न सक्छौं ?
- विपद पछिको अवस्थाका लागि कस्तो प्रकारको मौद्रिक नीति प्रभावकारी हुन्छ ? मौद्रिक नीतिले समाहितगर्नु पर्ने तात्कालिन लक्ष्यहरु के के हुन सक्छन् ? मुद्रास्फीतिलाई कसरी नियन्त्रण गर्ने ?
- तर्कसंगत वित्तीय तथा मौद्रिक नीतिहरुलाई जनताको समर्थन प्राप्त हुने गरी कसरी सम्वादमा ल्याउन सकिन्छ ?

भूकम्प पछि आर्थिक वर्ष २०१४/१५ का लागि नेपालको कूल ग्राहस्थ उत्पादनको वृद्धि दर ५.०५ प्रतिशतबाट पुनरावलोकन गरी ३.०४ कायम गरिएको कुरा प्रस्तुतकर्ताहरुले प्रकाश पार्नुभयो । [16]त्यसैगरी राष्ट्रिय योजना आयोगले विपद पछि गरेको आवश्यकता पहिचान अध्ययनको प्रारम्भिक प्रतिवेदनले भूकम्पको कूल क्षति ६.६ अर्ब अमेरिकी डलर बराबर भएको अनुमान गरको छ [17]। आर्थिक वर्ष २०१३/१४ का लागि नेपालको प्रक्षेपित ऋण र कूल ग्राहस्थ उत्पादनको अनुपात २८.८ प्रतिशत रहेको छ । यसमध्ये, १०.५ प्रतिशत आन्तरिक ऋण रहेको छ भने १८.४ प्रतिशत बाह्य ऋण रहेको छ । आर्थिक वर्ष २०१४/१५ को पहिलो ९ महिनाको सरकारी नगद आम्दानी तथा खर्चको विश्लेषणले सरकारसँग रु ६१.५३ अर्ब सरकारी बचत रहेको देखाउँछ । यसै समयावधिमा, भुक्तानी सन्तुलन बचत ४९.४४ करोड अमेरिकी डलर अभिलेख गरिएको छ । त्यसैगरी, नेपालको ऋण चुक्ता गर्ने इतिहास निश्चित समयावधिका लागि राम्रो रहेको छ, जसले ऋण प्रदायक बहुपक्षिय निकायहरु माझ आफ्नो विश्वसनीयता बढाएको छ ।

यस्ता तथ्यांकमा आधारित भएर, पुनर्निर्माण र पुनर्स्थापनाका लागि लगानी गर्ने उपर भएको छलफलमा के नेपालसँग सहुलियतपूर्ण आन्तिरिक र बाह्य ऋणको प्रयोग मार्फत घाटा बजेटको प्रयोग गर्नलाई अर्थतन्त्रमा सरकारी हस्तक्षेप बढाउने मौका पर्याप्त हुन्छ भन्नेमा छलफल केन्द्रित रहेको थियो । नेपाल आफ्नो सरकारी हस्तक्षेप

14 विश्व बैंकको तथ्यांक
15 किस्रनन् ए. र जोशी, ए. (२०१४)। पोलिसी अप्सन्स् फर इम्प्रुभिङ्ग इन्डस्ट्रीयल रिलेसन्स् इन नेपाल, काठमाडौं, नेपालः समृद्धि फाउण्डेसन
16 केन्द्रिय तथ्यांक विभाग; राष्ट्रिय लेखा तथ्यांक, २०१४/१५ . http://cbs.gov.np/?p=2778 बाट साभार
17 कान्तिपुर पब्लिकेसन । १३ जुन २०१५ . http://www.ekantipur.com/2015/06/13/top-story/rs-666.3b-needed-for-post-quakerebuilding/406504.html बाट साभार

बढाउने मौका प्रयोग गर्न करको दर नभई करका आधारहरु मार्फत र दुवै आन्तरिक र बाह्य ऋणका उपाय मार्फत आफ्नो आम्दानी बढाउन सक्षम रहेकोमा विज्ञहरु एकमत थिए ।

पूँजीगत खर्च गर्ने सरकारको विगतको क्षमताको आधारमो छलफलले केही प्रमुख चुनौतीको रुपमा बाहिर ल्याएको थियो । सन् २०१४ को नेपालको विभागीय (पोर्टफोलियो) प्रदर्शनको समिक्षा अनुसार विगत ३ वर्षमा पूँजीगत खर्चमा विनियोजन कूल बजेटको औसत १७.२ प्रतिशतले भइरहेको छ । त्यसैगरी, पूँजीगत खर्च कूल विनियोजित र कमको ८० प्रतिशत पनि पुग्ने गरेको छैन । पूँजीगत खर्चको अधिकांश प्रतिशत, ७० देखि ७३ प्रतिशतसम्म आर्थिक वर्षको अन्तिम तीन महिनामा गरिन्छ (विगत तीन वर्षको तथ्यांकमा आधारित)[18] ।

पुनर्निर्माणमा लगानी र समष्टिगत अर्थतन्त्रको स्थिरताको लक्ष्यअनुरुप आर्थिक तथा मौद्रिक नीतिसँगसँगै अघि बढ्नु पर्ने कुरा छलफलले प्रकाश पारेको थियो । अहिलेको स्थितिमा मुद्रास्फीति लोकप्रिय समस्या नहुन सक्छ, घाटा बजेट र पुनर्निर्माणको कारणले मागमा आउने वृद्धिका कारणले गर्दा स्वतः मुद्रास्फीतिमा वृद्धि हुनेछ [19]।

मौद्रिक नीतिका बारेमा चर्चा गर्दा, पुनर्निर्माण तथा आर्थिक वृद्धिका लागि क्रेडिट नीति एक प्रभावकारी संयन्त्र हुन सक्छ । छलफलले क्रेडिट नीतिको पुनःसंरचना गर्ने आवश्यकता औंल्याएको थियो, ताकि विशेषगरी प्रभावित जिल्लाहरुमा लघु, साना तथा मझौला उद्यमहरु वित्तीय सेवामा पहुँच बढाउन सकियोस् ।

छलफलको दौरान, विज्ञहरुले ऋण उन्मुक्तिले नकारात्मक असर पुऱ्याउन सक्ने चेतावनी दिएका थिए । यदि हामीले अहिले ऋण उन्मुक्ति माग्यौं भने बहुपक्षिय ऋणदाता माझ नेपालले आफ्नो विश्वसनीयता गुमाउन सक्छ । त्यसैगरी, प्रयोगात्मक विश्लेषणले के पनि देखाएको छ भने आर्थिक वृद्धिका लागि ऋणबाट उन्मुक्ति नचाहिन पनि सक्छ, वास्तवमा, वृद्धि निर्धारण गर्नका लागि आर्थिक संस्थाहरु जस्ता अन्य विभिन्न पक्षहरुले महत्वपूर्ण भूमिका खेल्न सक्छन् ।[20][21]

तथ्यांक संकलन र अभिलेखीकरण नेपालका लागि सधै चुनौतीपूर्ण रहँदै आएको छ । छलफलले विपद पछिको तथ्यांक संलकनको प्रकृति र आर्थिक र मौद्रिक नीति अघि सार्नमा गरिएको हतार प्रति पनि प्रश्न उठाएको थियो । आर्थिक र मौद्रिक नीतिहरुले सञ्चालन र प्रशासकीय अन्तराललाई विचार गर्नु पर्दछ । तसर्थ, बृहत्त र तथ्यांक संलकन (यसले लिने समयको बावजुद) मा केन्द्रित हुनुपर्दछ ताकि उपयुक्त आर्थिक र मौद्रिक नीति ल्याउन सकियोस् ।

समुदायको पुनर्निर्माणको प्रयासमा लगानी गर्दा हुन आउने नगद हस्तान्तरणको प्रभावकारीताका विषयमा पनि छलफलले जोड दिएको थियो । केही विज्ञहरुले नगद हस्तान्तरणले नेपालमा काम गर्न नसक्ने पनि विचारअघि सारे पनि, अरु धेरैले भने विश्वभरीमा अन्य अनुदानको तुलनामा नगद हस्तान्तरणको प्रभावकारीताको पर्याप्त प्रमाणहरु भएको उल्लेख गरेका थिए ।[22]

समग्रमा, सहभागी तथा वक्ताहरुले सरकारी निकायहरुको शासन र संस्थागत क्षमतामा आवश्यक भएको सुधार का बारेमा जोड दिएका थिए। हामी विश्वनियता, उत्तरदायित्व र प्रभावकारीता बढाउन सक्षम हुनुपर्दछ। यी सुधारहरु गरेपछि मात्रै, हामीले पुनर्निर्माणको प्रक्रिया अघि बढ्ने र सकरात्मक नतिजा ल्याउने आशा गर्न सकिन्छ। तसर्थ, हामी सार्वजनिक प्रशासन र सार्वजनिक सेवा प्रदान गर्ने निकायहरुको सेवा दिने प्रक्रियालाई सुधार तथा पुनर्जीवित गर्न केन्द्रित हुनु पर्दछ।

## यस छलफलबाट आएका सुझावहरु निम्नानुसार संक्षेपमा प्रस्तुत गरिएको छः

- पूँजीगत खर्च गर्न र अनुदानको रकम सदुपयोग गर्नका लागि सरकारको क्षमतामा सुधार ल्याउने । यसका लागि सार्वजनिक खरिद ऐन जस्ता केही कानूनहरुको संसोधन, सरकारी निकायहरुको प्राविधिक क्षमतामा

18 अर्थ मन्त्रालय, नेपाल सरकार, एनपीपीआर, अप्रिल, २०१४ . http://mof..np/uploads/ document/file/NPPR%202014%20Full%20version_20140425072758.pdf बाट लिइएको

19 अप्रिल २०१५को मध्यसम्म, मुद्रास्फीतिको दर ६.९ प्रतिशत रहेको छ । यद्यपि, यो अधिल्लो वर्षको यही अवधिमा ९.४ प्रतिशत थियो । (हालको समष्टिगत आर्थिक अवस्था, पेज ५)

20 इस्टर्ली, विलियम, 'हाउ डीड हेभिली इनडेटेड इकोनोमिज विकम हेभिली इनडेटेड? रिभ्यूभिङ्ग टू डिकेड्स अफ डेट रिलिफ' वर्ल्ड डेभ्लप्मेन्ट, भोल. ३०, २००२, इलसेभिइर प्रा.लि. http://www.international.ucla.edu/media/files/Easterly.pdf

21 म्याट नेस्भिस्की । नेश्लन बिरुओ अफ इकोनोमिक रिचर्स । 'द नेट बेनिफिट अफ डेट रिलिफ', एनबीइआर डास्जेस्ट । http://www.nber.org/ digest/jul04/w10217.html बाट लिइको

22 गिभ डाइरेक्टको कार्यक्रमको प्रमाणहरु विभिन्न स्रोतहरुमा अभिलेखीकरण गरिएका छन्: http://www.forbes.com/sites/kerryadolan/2013/10/29/givingcash-directly-to-the-poor-gets-thumbs-up-from-new-study/ / http://www.princeton.edu/~joha/publications/Haushofer_Shapiro_UCT_2013.pdf / and https://www.givedirectly.org/research-on-cash-transfers.html यी स्रोतहरुले धेरै प्रयोगात्मक अध्ययनहरुलाई सूचीकृत गरेका छन् जसले नगद हस्तान्तरणको प्रभावकारीतालाई दर्शाएका छन् ।

सुधार (तालिम तथा कर्मचारीमाझ कार्यसम्पादनका आधारमा प्रोत्साहन र दण्ड मार्फत) र अर्थपूर्ण उत्तर दायीत्व बढाउने उपाय अबलम्बन र सरकारको विश्वसनीय प्रदर्शन (जसमा तथ्य तथा तथ्यांक प्रकाशन गर्ने, प्रयासहरुमा सञ्चार माध्यमलाई संलग्न गराउने र भ्रष्टचारको विरुद्धमा कडा कदम उठाउने पर्दछन्) जस्ता सुधारका उपायहरु अपनाउनु आवश्यक हुन्छ ।

- ठूला पूर्वाधारहरुमा लगानी जुटाउनका लागि जहाँनेर सम्भव हुन्छ घाटा बजेट भन्दा पनि निजी पूँजीको प्रयोग गर्ने । यस्तो कार्यमा नेपालको लगानी बोर्डलाई संलग्न गराउनाले अन्तर्राष्ट्रिय निजी लगानी जुटाउन सजिलो हुन्छ ।

- विभिन्न सरोकारवालाहरुसँग सहकार्यको सुनिश्चितता गर्नुहोस् । नेपाल सरकारको लागि सबैभन्दा महत्वपूर्ण भूमिका भनेको यस्ता सहकार्य तत्कालै बन्न दिने किसिमका नीतिगत संरचनाको विकास गर्नु हो । यसो गरेमा, नेपाल सरकार आफ्नो विज्ञताको पहिलो क्षेत्र, नीति निर्माणमा संलग्न भइरहनु जरुरी हुन्छ (योजनाहरु माथिबाट तलका लागि नभइ तलबाट माथि हुने प्रकारको हुनुपर्दछ) जसमा कार्यान्वयन् भने निजी क्षेत्र, नागरिक समाज र समुदायमा आधारित संस्था लगायतका विभिन्न सरोकारवालाहरुले गर्न सक्छन् ।

- आर्थिक र मौद्रिक नीति तथ्यगत सूचनामा आधारित हुनु पर्दछ, यस्ता सूचनाहरुको संकलनका लागि लामो समय पनि लाग्न सक्छ । तसर्थ, पुनर्निर्माणका लागि आर्थिक तथा मौद्रिक नीतिको तर्जुमा गर्दा समय सीमा तथा सूचना उपर विचार पुऱ्याइनु पर्दछ । करको दर बढाउने वा नयाँ करसम्बन्धी कानून ल्याउने भन्दा पनि कर उठाउने परिधि बढाउने उपाय तर्फ ध्यान दिइनु पर्दछ ।

- बृहत रुपमा मौद्रिक नीतिको अंशको रुमाप क्रेडिट नीतिले विशेषगरी लघु, साना तथा मझौला उद्योगहरुको वित्तीय उत्पादन प्रतिको पहुँचलाई सम्बोधन गर्नु पर्दछ । यस्तोमा लघु वित्त संस्थाहरुको भूमिका महत्वपूर्ण र हन्छ । यसका लागि नेपाल राष्ट्र बैंक, सहकारी तथा लघु वित्त संस्थाको नियमनका लागि जिम्मेवार निकायसँग नजिक रहेर कार्य गर्नु पर्दछ ।

- अहिलको अवस्थामा प्रभावित जनसंख्याका लागि केही वित्तिय हस्तान्तरण आवश्यक पर्ने छ । यसर्थ, यसको तर्जुमा ध्यानपूर्वक गरिनु पर्दछ ताकि यस्ता हस्तान्तरणहरु लक्षित जनसंख्यासम्म पुगोस् । आर्थिक नीति तर्जुमामा भएका प्रयोगात्मक प्रमाणहरुले नगद हस्तान्तरणहरु लक्षित अनुदान पुऱ्याउने सबैभन्दा उत्तम उपायहरु हुन् भनेर प्रस्ट रुपमा देखाएको छ ।

- आर्थिक नीतिले निजी लगानीलाई पनि सहजीकरण गर्नु पर्दछ विशेष गरी लघु, साना तथा मझौला उद्योग तथा पूर्वाधारमा गरिने लगानीको हकमा । यसका लागि नियमनकारी निकायहरुको सुधारिएको संस्थागत क्षमता र कर्मचारीतन्त्रको कागजी प्रक्रियाको सट्टामा  चाँडो निर्णय लिने क्षमताको आवश्यकता पर्दछ ।

## सत्र ३ख. अर्थतन्त्रको पुनर्जीवन – कृषि

**कृषि सम्बन्धी सत्र निम्न मुद्दाहरुमा केन्द्रित रहेको थियो र निम्न प्रश्नहरुको उत्तर निकाल्न खोजेको थियो :**

- प्रभावित क्षेत्रको कृषिलाई हामीले कसरी पुनर्जीवित पार्न सक्छौ ।

- यस क्षेत्रका कृषिको व्यवसायिकतामा र कृषि-प्रशोधन उद्योगहरुमा सुधार ल्याउनका लागि के गर्न सकिन्छ ?

नेपालको कृषि क्षेत्र अझै निर्वाहमूखि रहेको तथ्य छलफलले प्रकाश पाऱ्यो । नेपालको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान आर्थिक वर्ष सन् २००१/०२ मा ३७.४ प्रतिशत रहेको थियो, जुन आर्थिक वर्ष २०१३/१४मा ३३.१

प्रतिशतमा झऱ्यो, यद्यपि यसले अहिले पनि नेपालको २/३ सक्रिय श्रम शक्तिलाई अझै रोजगारी दिइरहेको छ ।[23] यसले समस्या कृषि उत्पादशीलतमा रहेको कुरा स्पष्ट रुपमा दर्शाउछ । भूकम्प भन्दा अघि पनि यो क्षेत्र नीति र पूर्वाधारसँग सम्बन्धित अप्ठ्याराहरुले गर्दा समस्यामा थियो । बैशाख १२ गतेको भूकम्पले यस क्षेत्रमा विद्यमान रहेको समस्यालाई प्रभावित जिल्ला तथा अन्य सबै स्थानहरुमा थप बढाइदिएको छ ।

सहभागीहरुको विचार अनुसार, प्रभावित क्षेत्रहरुका ८० प्रतिशत घरधुरीले आफ्नो खाद्यन्नको सबै सञ्चिति गुमाएका थिए भने ५५ प्रतिशतले उनीहरुको कूल खाद्यन्नको भण्डारणको आधा भन्दा बढी अनुपातमा गुमाएका थिए र ८५ प्रतिशत घरधूरीहरुले आफ्नो खानाको मात्रा घटाएका थिए भने ६५ प्रतिशत खानाको बारम्बारता घटाएका थिए । त्यसैगरी, ६ वटा प्रभावित जिल्लाहरुका ७४ प्रतिशत घरधूरीहरुले उनीहरुको सिंचाइको पूर्वाधारमा नराम्ररी क्षति पुगेको बताएका थिए । मकै, धान र आलुको बालीमा ठूलै क्षति पुगेको थियो । १६ प्रतिशत वस्तुभाउ र ३६ प्रतिशत कुखुराहरु गुमाइएको थियो । यसका साथै, प्रभावित ६ जिल्लाका ५० प्रतिशत घरधूरीले उनीहरुको धान, मकै र कोदोको बीउ नष्ट भएको बताएका थिए ।[24]

व्यवसाय गर्नका लागि पूरा गर्नु पर्ने झन्झटिलो प्रक्रिया नै नेपाल आर्थिक समृद्धि तर्फ अघि बढ्न रोक्ने कारक तत्व मध्ये एक हो भनेर सहभागीहरुले अनुभूति गरेका थिए । यदि कोही लगानी गर्नका लागि तयार नै भएको खण्डमा पनि चुनौतीका रुपमा धेरै व्यवधानहरु आइपर्दछन् । अहिलेको कर्मचारीतन्त्रमा भएका नियमनकारी विषयहरुका लागि एकद्वार प्रणाली लागू हुनु पर्नेमा समूहले उल्लेख गरेको थियो । नीतिहरु सान्दर्भिक हुनु पर्ने र नीति निर्माण गर्दा सरकोकारवालाहरुसँग परामर्श आवश्यक रहने कुरामा जोड दिइएको थियो । निजी लगानीको सुरक्षाका लागि नीतिहरु आवश्यक रहेको कुरा पनि छलफलले अघि सारेको थियो । यसका साथै, आधारभूत सामाजिक सुरक्षा जस्तै शिक्षा, स्वास्थ्य सेवा आदिको अधिकारलाई सम्बोधन गर्ने नीतिगत संरचनाको पनि अपेक्षा गरिएको थियो ।

प्रभावित जिल्लाहरु दूधजन्य उत्पादन तथा तरकारी बाहेक अन्य खाद्यन्न पर्याप्त भएको जिल्ला होइनन् । वस्तुहरुको राष्ट्रिय योजनामा, सबैभन्दा बढी प्रभावित १४ जिल्लाहरु निम्न कुराका लागि चिनिन्छन्:

- कूल कृषिजन्य क्षेत्रको १३.८ %,
- राष्ट्रिय धान उत्पादनको ९.१ %,
- धान रोपाई क्षेत्रको ८.६%
- मकै र कोदो उत्पादनको क्रमश: २३.४ % र २३.४ %

केन्द्रिय तथ्यांक विभागले कृषिजन्य कूल ग्राहस्थ उत्पादनको वृद्धि दर २.२५% देखि घटेर १.८७% मा कायम हुने र अन्नबाली ३%ले घट्न गई ९२.६ लाख टन पुग्ने कुराको बारेमा सहभागीहरुले उल्लेख गरेका थिए ।[25]

छलफलमा प्रकाश पारिए अनुसार, दूधको उत्पादन र उपभोगको आधारमा भूकम्पको तत्कालिन असर देखिएको क्षेत्र दूध व्यवसाय थियो (दूध कृषकहरुद्वारा भण्डारण हुन सक्दैन) । त्यसैगरी, भूकम्पले धेरै लघु तथा साना कृषि उत्पादन तथा प्रसोधन इकाईहरु जस्तै, गाइगोठ, कुखुरा फारम, माछा पोखरी, थ्रेसर, तेल निकाल्ने इकाईहरु, कृषिजन्य निवेश र साधनको उत्पादन तथा मर्मत, चिस्यान केन्द्र आदि नष्ट गरेको थियो ।

कृषि क्षेत्रले सामना गर्न सक्ने अर्को सम्भावित चुनौतीको रुपमा भूकम्प प्रभावित क्षेत्रको भौगोलिकतमा आउने परिवर्तनलाई पनि यस कृषि उपर भएको छलफलले उठाएको थियो । पछिल्लो भूकम्पको पराकम्पनहरुका साथमा, मनसुनको समयमा बाढीको सम्भावना एकदमै उच्च हुन्छ । परम्परागत बीउको भण्डारण घरघरमा हुने हुँदा, आगामी रोपाईको समयमा बीउको उपलब्धता एक मुख्य मुद्दा हुन सक्छ । त्यसैगरी, वस्तुभाउको हकमा चोटपटक लागेको वस्तुभाउको उपचारका लागि पशु चिकित्सकीय सेवा उपलब्ध नहुँदा वस्तुभाउको संख्यामा यसले प्रभाव पार्न सक्छ । यसका साथै, नेपालको कृषि क्षेत्रका लागि पूर्वाधारमा भएको क्षतिले अर्को चुनौती थप्न सक्छ ।

23 अर्थ मन्त्रालय, आर्थिक सर्वेक्षण २०१३/१४ . http://www.mof.gov.np/en/archive-documents/economic-survey-21.html बाट लिइएको ।
24 सम्मेलनमा सीइएपीआरइडीका डा. हरि प्रसाद उपाध्यायद्वारा गरिएको प्रस्तुतीको तथ्यांकमा आधारित .
25 सम्मेलनमा कृषि विज्ञ डा. देव भक्त शाक्यले गरेको प्रस्तुतीमा आधारित तथ्यांक .

यस भूकम्पले निम्त्याएको क्षतिलाई परिपूरण गर्नका लागि समूदायमा आधारित सहयोग संयन्त्रहरुको आवश्यकतालाई छलफलले जोड दिएको थियो । यस्ता समूदायमा आधारित संयन्त्रहरुलाई सरकार वा दातृ निकायहरुले थप सहयोग गर्न सक्छन् । प्रत्येक व्यक्तिसँग भएको औसत जमिनको आकार, जुन नेपालको लागि ०.६८ हेक्टर अनुमान गरिएको छ[26] , कृषिको व्यवसायिकताका लागि एक मुख्य बाधाको रुपमा सूचीकृत गरिएको थियो । यस समस्यको निकारण गर्नका लागि करारमा गरिने कृषि, जग्गा एकै ठाँउमा तान्ने र सहकारीको प्रयोगको भूमिकाका बारेमा सहभागीहरुले छलफल गरेका थिए । प्रत्येक उपाय त्यसको सम्बन्धित राम्रा र नराम्रा पक्ष सहित छलफल गरिएका थिए ।

त्यसैगरी, सहभागीहरुले जैविक (अर्गेनिक) कृषिको सम्भावनाका बारेमा पनि छलफल गरेका थिए, किनकी यसको मूल्य उच्च रहेको छ साथै निर्यातको सम्भावना पनि रहेको छ । प्रभावित क्षेत्रहरुसँग जैविक कृषि क्षेत्रका रुपमा परिवर्तन हुने सम्भावना रहेको छ ।

कृषि क्षेत्रका लागि चाहिने तात्कालिन सहयोगको सम्बन्धमा छलफलले प्रकाश पारेका केही चुनौतीहरु निम्नानुसार रहेका छन्

- स्थानीय बीउबिजनहरु प्रभावित क्षेत्रमा नष्ट भएकाले, नयाँ प्रकारका बीउबिजनहरु त्यहाँ ल्याइनु पर्दछ । यसले अवसर र असफलताको सम्भावना दुवै ल्याउदछ । तसर्थ, यी क्षेत्रहरुमा विशेषगरी जोखिम बहन गर्ने प्रयोगहरु र नविनताका उपायहरु प्रवर्द्धन गरिनु पर्दछ ।

- सडक, बीउ बैंक र सिंचाइ प्रणालीहरु जस्ता मुख्य पूर्वाधारहरु तत्कालै मर्मत गरिनु पर्दछ । यस्ता कार्यले यी क्षेत्रको कृषिमा सहयोगका लागि जीवनतत्वको काम गर्नेछ ।

- मनसुनको सुरुवातसँगै, पहाडी क्षेत्रमा पहिरोहरु जाने हुन्छ । तसर्थ, उच्च जोखिमयुक्त क्षेत्रहरुबाट मानिसहरुलाई अर्को स्थानमा स्थानन्तरण गर्ने र अन्य क्षेत्रमा बोट विरुवाहरुको रोप्ने कार्यको सम्बोधन तत्कालै गरिनुपर्दछ ।

- कृषिको व्यवसायीकरण तब मात्र सम्भव छ जब हामीले हाम्रो परम्परागत सोचलाई परिवर्तन गर्छौ । संसदमा थन्किएर बेसेका जग्गा एकीकरणको प्रवर्द्धन गर्ने ऐन र नीतिहरु अगाडि बढाइनुपर्दछ र यी क्षेत्रहरुमा परिक्षणको रुपमा कार्यान्वयन गरिनु पर्दछ ।

- साना र मझौला व्यवसायहरुका लागि अहिले पनि वित्तीय सेवामा पहुँच र जोखिम व्यवस्थापन मुख्य चुनौतीको रुपमा रहँदै आएको छ । तसर्थ, वित्तीय सेवामा पहुँच र बीमालाई उच्च ध्यान दिनु पर्दछ ।

## यस छलफलबाट आएका सुझाव र सिफारिसहरु निम्नानुसार संक्षेपमा प्रस्तुत गरिएको छः

१. बीउबिजन

- उस्तै कृषि र जलवायु भएका जिल्लाहरुबाट खरिद गरी प्रभावित क्षेत्रहरुमा बीउबजिनको आपूर्तिलाई सहयोग गर्ने । अन्य जिल्लामा गरिने बीउको रोपणमा केही जोखिम हुने भएकाले, विस्तारित सेवाहरु बलियो बनाइनु पर्दछ र बीमा योजनाहरु ल्याइनु पर्दछ ।

- बीउसँग सम्बन्धित समस्याहरुको दीर्घकालिन समाधानका लागि प्रभावित क्षेत्रहरुमा बीउ भण्डारणको पूर्वाधारहरुलाई सहयोग गर्ने ।

26 केन्द्रिय तथ्यांक विभाग, कृषि जनगणना २०११, http://cbs.gov.np/wp-content/uploads/2013/12/Summary-of-Agriculture-Census-2011.pdf बाट लिइएका

२. वस्तुभाउ

- मृत वस्तुभाउको तत्काल व्यवस्थापनको सुनिश्चितता गर्ने ताकि महामारी रोक्न सकियोस् । प्रभावित क्षेत्रमा चोटपटक लागेका वस्तुभाउको व्यवस्थापनका लागि पशुसेवाको पहुँचको उपलब्धतालाई बढाउने ।

- वस्तुभाउको व्यवस्थापनलाई सहयोग गर्नका लागि उपायहरु अबलम्बन गर्ने किनकी, केही व्यवसायिक पशुपालन र प्रशोधनका उदाहरणहरु जस्तैः याकपालन, दूग्ध व्यवसाय, ट्राउट माछापालनले केही मात्रामा भए पनि व्यवसायिकता हासिल गरेका छन् । पशुपालनको पुनर्उत्थानका लागि गोठ पोखरी जस्ता अचल सम्पत्ति र पशुमा पनि पर्याप्त पूँजी लगानीको आवश्यकता रहेको छ । यसका लागि न्यून दरको पशुजन्य ऋणको उपलब्धता र अझ परिस्कृत विस्तारित सेवाका आवश्यकता पर्दछ ।

३. कृषिको व्यवसायीकरण

- जग्गाको एकीकरणलाई सहयोग गर्ने र कृषिको व्यवसायीकतालाई प्रोत्साहन गर्ने । यसका लागि, नेपाल सरकारले जग्गाको एकीकरणलाई सहजीकरण गर्नु पर्दछ र/वा व्यवसायीक कृषिका लागि सार्वजिनक जग्गालाई भाडामा दिनुपर्दछ ।

- व्यवसायीक कृषिको सुधारका लागि करारमा गरिने कृषिलाई सहजीकरण गर्ने । यसका लागि, सरकारले करारमा गरिने कृषिको परिक्षण प्रभावित क्षेत्रहरुमा गर्न सक्छ । यसले व्यवसायिक कृषिलाई सहयोग मात्रै नगरेर प्रभावित क्षेत्रमा रोजगारीको अवसरहरु सिर्जना गर्नुका साथै त्यस क्षेत्रका जनताको जीविकोपार्जनलाई पनि सहयोग गर्नेछ ।

४. प्रभावित क्षेत्रहरुमा कृषिको उत्पादन घट्ने सम्भावना भएकाले, अन्य जिल्लाबाट कृषि उत्पादनहरुलाई परिपूर्ति गर्ने अभियानहरुलाई पनि बिर्सनु हुदैन ।

५. कृषिजन्य पूर्वाधारहरुलाई पुनर्जीवित गर्ने ताकि आपूर्ति श्रृंखलामा भएका समस्याहरुलाई हटाउन सकियोस र बजारहरु पुनः स्थापित हुन सकोस् । तसर्थ, कृषिको पुनर्उत्थानका अभियानहरुले कृषि सडक, सिंचाइ प्रणालीहरु र भण्डारण इकाई र उच्च जनघनत्व भएका क्षेत्रहरुमा व्यवस्थित बजारहरु सहितको बजार पहुँचका पूर्वाधार लगायतका कृषिजन्य पूर्वाधारहरुको तत्कालिन मर्मत र विस्तारका लागि बजेटको विनियोजनलाई समेट्नु पर्दछ ।

६. निर्यातको सम्भावना भएका जैविक कृषिलाई प्रवर्द्धन गर्ने । विद्यमान सकारी सुविधाहरु (बीउ भण्डारणका लागि राष्ट्रिय कृषि अनुसन्धान केन्द्र सहित) यस विधिको सहजीकरण गर्नका लागि प्रयोग गर्न सकिन्छ ।

७. कृषिको पुनर्उत्थानको अभियानको मुख्य अंशको रुपमा समूदायमा आधारित व्यवस्थापन र कृषकहरुलाई राख्ने । यसमा व्यक्तिगत गोठ तथा घरहरु बनाउनेका साथै स्वास्थ्य सुविधाको व्यवस्थापन गर्ने जस्ता पुनर्निर्माणका प्रयासहरुमा नेतृत्व लिने कुराहरु पर्दछन् । प्रभावित क्षेत्रका लागि प्रदान गरिने सबै प्रकारका खेतीजन्य सहुलियतहरु कृषि भौचरको रुपमा दिन सकिन्छ (जसलाई कृषि विकास रणनीतिमा पनि प्रस्ताव गरिएको छ) ।

८. सरकारका विभिन्न तहमा अड्किएर बसेका कृषि क्षेत्रका सुधारहरुलाई चुस्त बनाउने । व्यवसायीक कृषिलाई समर्थन गर्ने करारमा गरिने कृषि र कृषिको यान्त्रीकरण, खेतको उत्पादन बढाउने नयाँ प्रविधिको स्थापना जस्ता विषयलाई समर्थन गर्ने नीतिहरु सरकारसँग अड्किएर बसेका छन् । यस्ता नीतिहरु तत्कालै पुनरावलोकन गरिनु र जारी गरिनु पर्दछ ताकि कृषिमा लगानी गर्नका लागि निजी क्षेत्र प्रोत्साहित होस् । यसका साथै, व्यवसायीकतालाई सहयोग गर्नका लागि, व्यवसायीक कृषिका लागि सार्वजनिक जग्गाहरुलाई निजी क्षेत्रलाई भाडामा दिने विशेष योजनाहरुका साथ सरकार अगाडि आउन सक्छ ।

# सत्र ३ग: आर्थिक उत्थान – व्यापार र लघु, साना तथा मझौला उद्योगहरु

**व्यापार र लघु, साना तथा मझौला उद्योगहरु अन्तर्गत भएको सत्रका दृष्टिकोणहरु निम्न विषयहरुमा केन्द्रित थिए:**

- प्रभावित क्षेत्रहरूमा हामीले आपूर्तिको श्रृंखला र थोक व्यापारलाई कसरी सरलीकरण गर्न सक्छौं ?
- प्रभावित क्षेत्र लाभान्वित हुने गरी हामीले कस्ता प्रकारका व्यापारहरुको प्रवर्द्धन गर्न सक्छौं ?
- लघु, साना तथा मझौला उद्योगहरुलाई हामीले कसरी उत्थान गर्न सक्छौं ? हामीले वित्तीय सेवामा पहुँच र बाहिर भएका बजारसम्म पुग्न सकुन ?

लघु, साना तथा मझौला उद्योगहरु नेपाली अर्थतन्त्रका मेरुदण्ड हुन् भन्ने कुरा छलफलले प्रकाश पाऱ्यो । यी प्रभावित जिल्लाहरुमा, लघु, साना तथा मझौला उद्योगहरु कृषि प्रशोधन र कृषि सहयोग र खुद्रा व्यापारका इकाईका रुपमा रहेका छन् । औपचारिक क्षेत्रहरुमा पालना गर्नु पर्ने नियम तथा लेखाको व्यवस्थापनले ल्याउने अप्ठ्याराहरुलाई मध्येनजर गर्दै, अधिकांश लघु उद्यमहरु अनौपचारिक अर्थतन्त्रको हिस्साको रुपमा रहेका छन् [27]। तसर्थ, यो समूहलाई कुनै प्रकारको राहत प्रदान गर्नु पुनर्निर्माण प्रक्रियाको प्रमुख चुनौतीहरु मध्येको एक हुनेछ । अन्तर्राष्ट्रिय श्रम संगठनको अनुमान अनुसार नेपालको ७० प्रतिशत आर्थिक रुपमा सक्रिय जनसंख्या अनौपचारिक क्षेत्रमा संलग्न रहेको छ । यो भूकम्पको कारणले ७ वटा जिल्लाहरुमा करिब १३००० साना उद्यम र ९७ सहकारीहरु प्रभावित भएका छन्[28]।

पुनर्निर्माणमा प्रमुख ध्यान दिइनु पर्ने विषयका रुपमा लघु, साना तथा मझौला उद्योगहरुको वित्तीय सेवामा पहुँच हुनु पर्नेमा अधिकांश वक्ता तथा सहभागीहरुले जोड दिएका थिए । लघु वित्त संस्थाहरुबाट सहुलियतीपूर्ण ऋण देखि लिएर उद्यम पूँजी (भन्चर क्यापिटल) र इक्वीटी वित्तीय लगानी जस्ता विधिहरु वित्तीय सेवाको पहुँचमा भएका समस्याहरुलाई समाधान गर्नका लागि विकल्पका रुपमा सुझाईएका थिए ।

यसका साथै, प्रभावित जनसंख्याका लागि प्राविधिक तालिम सहितको जीविकोपार्जनका लागि सहयोग कार्यक्रम ताकि उनीहरुले थप लघु, साना तथा मझौला उद्योगहरु सुरु गर्न सक्ने विकल्पहरुको वरिपरि पनि छलफल घुमेको थियो ।

लघु, साना तथा मझौला उद्योगलाई अनौपचारिक अर्थतन्त्रमा धकेल्ने कर्मचारीतन्त्र सिर्जित बाधाहरुलाई पनि हटाउनु पर्ने आवश्यकता छलफलले प्रकाशमा ल्याएको थियो । प्रवेश, बहिरगमन, करप्रणाली र वित्तीय सेवासँग सम्बन्धित नियमहरुको सरलीकरण यसमा समेटिएको छ ताकि ग्रामीण क्षेत्रहरुमा जोखिम लिन सक्ने र उद्यमशीलताको मनोभाव प्रवर्द्धन गर्न सकियोस् । लघु, साना तथा मझौला उद्योगको दर्ताका लागि लगभग ४२ वटा स्थानहरु रहेका छन् ।[29]

लघु, साना तथा मझौला उद्योगहरु प्राकृतिक प्रकोपबाट प्रभावित हुने मध्ये सबैभन्दा उच्च जोखिममा रहेको समूह हो । लघु, साना तथा मझौला उद्यमीहरुका लागि जोखिमको विविधिकरण गर्ने कुनै पनि प्रणाली नरहेको अवस्थामा, भविष्यमा जोखिम व्यवस्थापनका लागि विशेष प्रावधानहरु ल्याइनु पर्दछ । सम्मेलनमा प्रस्तुत गरिएको एक उपाय यस्तो थियो: लघु, साना तथा मझौला उद्योगहरुले तिर्ने करको केही प्रतिशत बीमाको रुपमा छुट्याउने र यस्ता लघु, साना तथा मझौला उद्योगहरुले सामना गर्ने जोखिमलाई केही हदसम्म निवारण गर्नका लागि सरकारले अनुदान उपलब्ध गराउने प्रणालीको विकास गर्ने ।

काठजन्य वा गैरकाठजन्य उत्पादनहरु सहितको सामुदायिक वनाहरुबाट उपलब्ध हुने स्रोतहरुमा पनि छलफलले जोड दिएको थियो । यदि उत्पादनहरुको बिक्रीउपर लाग्दै आएको कानूनी प्रतिबन्ध हटाइएको खण्डमा

27 आइएलओको अनौपचारिक अर्थतन्त्रका व्याख्यामा आधारित । जुन http://www.ilo.org/kathmandu/areasofwork/informal-economy/ lang--en/index.htm उपलब्ध छ ।
28 सम्मेलनमा डा. लक्ष्मण पुन, मेडेपको प्रस्तुतीमा प्रस्तुत गरिएको तथ्यांकको आधारमा
29 महिला उद्यमी महासंघकी अध्यक्ष श्री रिता भण्डारीको प्रस्तुतीमा प्रस्तुत गरिएको तथ्यांक

लघु, साना तथा मझौला उद्योगहरुको अर्थतन्त्रको उत्थानका लागि यस्ता स्थानिय रुपमा उपलब्ध हुने सामग्रीहरु पनि उपयोगी हुन सक्छन् । समुदायिक वन माथि  भूकम्प पश्चात गरिएको अध्ययनहरुले पनि यस्तै तर्क अघि सारेका छन्[30] ।

पुनर्निर्माण सम्बन्धी नीतिहरुको तर्जुमा गर्दा प्रोत्साहनमा आधारित संयन्त्रको प्रयोगको आवश्यकतामा पनि छलफलले जोड दिएको थियो ताकि यस्ता लघु, साना तथा मझौला उद्योगहरुको पुनर्उत्थान  नीतिगत निर्णयहरुबाट निर्देशित हुन सकोस् ।

लघु, साना तथा मझौला उद्योगहरुको पुनर्उत्थान प्रभावित क्षेत्रमा रहेका निर्यातको सम्भावना भएका कृषिजन्य उद्योगहरुको सहजीकरण गर्ने सरकारको क्षमता पनि निर्भर रहन्छ । यस्तो सहजीकरणको प्रक्रियामा क्वारेन्टाइन सुविधाहरु, व्यापार मध्यस्तता र प्रमाणिकरण पर्दछन् । त्यसैगरी, नीतिहरुले कृषि प्रशोधन उद्योगहरुले भोगिरहेको आपूर्ति श्रृंखलाका समस्याहरुलाई पनि सम्बोधन गर्नु पर्दछ । यसमा भण्डारण सुविधा, बजारको पूर्वाधार र नयाँ बजारको अन्वेषण गर्नका लागि प्रविधिको प्रयोगको प्रवर्द्धन पर्दछन् ।

**यस सत्रमा भएको छलफलबाट बाहिर आएका निष्कर्ष र सुझावहरू निम्नानुसार छन् :**

- लघु, साना तथा मझौला उद्योगहरूको अनुपालन (कम्प्लाएन्स) प्रक्रिया सहज बनाउने ताकि तिनलाई औपचारिक क्षेत्रमा ल्याउन सकियोस् । लघु, साना तथा मझौला उद्योगहरूको अनुपालन लागत न्यून हुनुपर्छ ताकि उनीहरू औपचारिक अर्थतन्त्रमा आउन सकून् । यो सरलीकरणको प्रक्रिया प्रभावित जिल्लाहरूमा काम गरिरहेका वा काम गर्ने योजना गरिरहेका लघु, साना तथा मझौला उद्योगहरूबाट सुरु गर्न सकिन्छ ।

- लघु, साना तथा मझौला उद्योगहरूबाट उठाइएको करको केहि अंश जोखिम वीमाको लागि छुट्याउने । लघु, साना तथा मझौला उद्योगहरूलाई सुरक्षा दिने प्रणालीको विकास गरिनुपर्छ । यसले विशेषगरि लघु उद्योगलाई लक्षित गर्नुपर्छ किनकी ती उद्योगहरू प्राकृतिक प्रकोपबाट बढी जोखिममा हुन्छन् ।

- गैह्रकाष्ठ वन पैदावर र सामुदायिक वनका उत्पादनहरूको प्रयोग सम्बन्धी नियमहरू लचिलो बनाउने । यसले पुनर्निर्माणका लागि स्थानीय सामग्रीको प्रयोगमा मात्र नभई केहि हदसम्म स्थानीय अर्थतन्त्रलाई पनि पुनर्उत्थान गर्न  मद्दत गर्दछ ।

- प्रभावित जिल्लाहरूमा भएका लघु तथा साना उद्यमीहरूलाई लक्षित गरी तालिम कार्यक्रमहरू सञ्चालन गर्ने । यी तालिमहरूमा स्थानीय तहमा उपलब्ध सामग्री प्रयोग गरी कसरी निर्माण गर्ने भन्ने प्राविधिक तालिम र साथमा वित्तीय व्यवस्थापन, बजारीकरण र व्यवसाय प्रस्ताव विकास सम्बन्धित तालिमहरू पर्न सक्दछन् ।

- लघु, साना तथा मझौला उद्योगहरूमा इक्वीटी फाइनान्सिङको बाटो खुला गर्ने । सरकारले प्रभावित जिल्लाहरूमा निजी इक्वीटी फाइनान्सिङलाई प्रोत्साहित गर्ने किसिमको नियामक रूपरेखा तयार गर्न तर्फ ध्यान दिनुपर्छ ।

- भूकम्पबाट प्रभावित लघु, साना तथा मझौला उद्योगहरूलाई केही कर छुट तथा ऋणको समयावधि पुनर्निधारण गर्न दिने ।

- प्राकृतिक प्रकोपले भएको क्षतिको क्षतिपुर्ति दिने वीमा प्रणालीको सुरुवात सहि दिशा तर्फको कदम हुन सक्दछ । यस्तो प्रकारको वीमा प्रभावित क्षेत्रमा परीक्षण गरी हेर्न सकिन्छ र त्यहाँबाट सिकेका पाठहरूको आधारमा यसलाई परिमार्जित गरी नेपाल भर विस्तार गर्न सकिन्छ ।

- प्रभावित क्षेत्रहरूमा वस्तु तथा सेवा प्रवाह गर्न मद्दत गर्ने संरचनाहरू विकास गर्नमा ध्यान दिने । यस अन्तर्गत सडक, सञ्चार, गोदाम, विद्युत आपूर्ति, पानीको आपूर्ति आदि जस्ता सुविधाहरू पर्दछन् ।

30 ‘इन्भाइरोमेन्ट रिसोर्स इनकम इज इमपोर्टेन्ट टू अर्थक्वेक हिट रुरल हाउसहोल्ड्स’, पोलिसी ब्रिफ नं. १, जुन २०१५, कोपनहेगन सेन्टर फर डिभ्लम्मेन्ट रिसर्च, कोपनहेगन विश्वविद्यालय, खाद्य तथा स्रोत अर्थशास्त्र विभाग

## सत्र ४ (क): आर्थिक पुनर्उत्थान – पर्यटन

### पर्यटन सम्बन्धित यस सत्रमा भएको छलफल निम्न मुद्दाहरूमा केन्द्रित रह्यो:

- हाम्रा सम्पदा स्थलहरू कसरी पुनर्निर्माण गर्ने र थप क्षति हुनबाट जोगाउन कस्तो तयरी गरिनुपर्छ ?
- नेपाललाई पर्यटकीय गन्तव्यको रूपमा कसरी पुनः बजारीकरण गर्ने ?
- पर्यटन-मैत्री संरचनाहरूका लागि कस्ता अवसरहरू छन् ?
- पर्वतीय पर्यटनलाई विपद तत्परताको लागि कसरी तयार पार्ने ?

पर्यटनले तुलानात्मक लाभको क्षेत्रको रूपमा नेपाली अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ । यस क्षेत्रको अर्थतन्त्रमा उल्लेखनीय अग्र र पृष्ठ सम्बन्ध (फरवार्ड र ब्याकवार्ड लिंकेज) हुने र उच्च गुणक प्रभाव हुने भएकाले यो क्षेत्र ग्रामीण र शहरी जनसंख्याको ठूलो खण्डका लागि जीविकोपार्जनको अवसर भएको छ । त्यसैले छलफलमा पर्यटन क्षेत्रलाई बजार प्रक्रियाबाट प्रभावकारी रूपमा धन वितरण गर्न सक्ने क्षेत्रका रूपमा लिइयो । वर्ल्ड ट्राभल एण्ड टुरिजम काउन्सिलको २०१४ मा प्रकाशित नेपालमा यात्रा र पर्यटनको आर्थिक प्रभाव बारेको प्रतिवेदन [31]अनुसार नेपालको कुल ग्राहस्थ उत्पादनमा भ्रमण र पर्यटन क्षेत्रको प्रत्यक्ष योगदान सन् २०१३ मा नेरु ६८.८ अर्ब (कुल ग्राहस्र्थ उत्पादनको ३.९ प्रतिशत) रहेको थियो, कुल योगदान[32] (लगानीको वृहत प्रभाव, आपूर्ति श्रृंखला र यसबाट सृजित आयमा प्रभाव समेत गरी) ८.२ प्रतिशत रहेको र यस क्षेत्रले सन् २०१३ मा प्रत्यक्ष रूपमा ५०४,००० (कुल रोजगारीको ३.२ प्रतिशत) रोजगारीका अवसरहरू सृजना गरेको थियो । सरकारले सगरमाथाको आरोहण शुल्कबाट मात्रै करिब ३५ लाख डलर आर्जन गर्छ भने, एउटा मौसममा सगरमाथाको एउटै गाइडले ६०००-७००० डलर सम्म आयआर्जन गर्छ ।[33]

यो क्षेत्र नेपालको गृहयुद्ध र अन्तर्राष्ट्रिय संकटको समयमा पनि धरासायी नभएको [34]इतिहास भएकाले हालको भूकम्पको आघातबाट पनि सफलतापूर्वक माथि उठ्ने आशा छ । सन् २०१४ मा सगरमाथामा १६ जना आरोहीको ज्यान लिने गरी गएको हिमपहिरो र अन्नपूर्ण क्षेत्रमा ८० जनाको ज्यान लिने गरी गएको हिमआँधीका बावजुद उक्त वर्ष सबैभन्दा उच्च संख्यामा पर्यटक नेपाल आएका थिए । [35]त्यसैले पर्यटन व्यवसायीहरू आशावादी छन् र २०१५ को शरद ऋतु देखि नै पर्यटकहरूलाई निमन्त्रणा गर्नका लागि काम गर्नुपर्ने आवश्यकता व्यक्त गरिरहेका छन् । उनीहरूको विचारमा नेपालले प्रदान गर्ने विशेष किसिमको शाहसिक पर्यटनको अवसरलाई पर्यटकहरूले धेरै समयसम्म नकार्न सक्ने छैनन् ।[36]

हालैको भूकम्पले पर्यटन क्षेत्रलाई पुऱ्याएको क्षतिको साराशं तल प्रस्तुत गरिएको छः

- विश्व सम्पदा सूचीमा रहेका स्थानहरूमा क्षतिः बसन्तपुर दरबार क्षेत्र, पाटन दरबार क्षेत्र, भक्तपुर दरबार क्षेत्र, स्वयम्भूनाथ र बौद्धनाथ क्षेत्रमा केही संरचनाहरूमा गम्भीर क्षति पुगेको छ ।
- लाङ्गटाङ्ग, मनास्लु, गणेश हिमाल, रुबी उपत्यका र रोल्वालिङ उपत्यका नराम्रोसँग क्षति भएका छन् किनकी भूकम्पको अधिकांश आघात यी ठाउँहरूले बेहोर्नुपर्‍यो ।
- भूकम्प पश्चात, ८०% होटल रिजर्भेसनहरू रद्द भएका छन् र अनुमानित ४५,००० पर्यटकहरूले देश छोडे का छन् ।[37]

31 http://www.wttc.org/-/media/files/reports/economic%20impact%20research/country%20reports/nepal2014.pdf

32 यसमा मुख्यत होटल, ट्राभल एजेन्ट, हवाई कम्पनी र अन्य यात्रु ढुवानी सम्बन्धित सेवाहरू (स्थानीय यातायात बाहेक)ले सृजना गर्ने आर्थिक क्रियाकलापहरू पर्दछन् । तर यस अन्तर्गत पर्यटकले प्रत्यक्ष उपभोग गर्ने रेस्टुरेन्ट तथा अन्य आराम सम्बन्धित उद्योगका क्रियाकलापहरू जस्ता कुराहरू पनि पर्दछन् ।

33 http://www.nepaleconomicforum.org/news/news.php?n=105#sthash.VPHLfozm.dpuf

34 सम्मेलनको बखत पर्यटन विज्ञ श्री प्रचण्ड मान श्रेष्ठले व्यक्त गर्नुभए अनुसार

35 http://nepalitimes.com/article/nation/tourism-is-down-but-not-out-in-nepal,2262

36 http://nepalitimes.com/article/nation/tourism-is-down-but-not-out-in-nepal,2262

37 http://www.nepaleconomicforum.org/news/news.php?n=105#sthash.VPHLfozm.dpuf

छलफल पर्यटन क्षेत्रको पुनर्उत्थानमा रहेका दुई भिन्न किसिमका चूनौतीहरूका बारेमा केन्द्रित रह्यो । एक थरि चूनौतीहरू प्रत्यक्ष रूपमा भूकम्पसँग सम्बन्धित छन् भने अर्को थरि चूनौतीहरू पहिले देखि नै विद्यमान थिए जसको सम्बोधन पर्यटन क्षेत्रको पुनर्उत्थानको लागि हाल झनै महत्वपूर्ण भएर आएको छ । सुरक्षित पर्यटकीय गन्तव्यको रूपमा अन्तर्राष्ट्रिय बजारमा रहेको नेपालको छविमा गहिरो आँच आउनु र अझै बढी, भूकम्प र पहिरो जस्ता प्राकृतिक विपदको लागि तत्पर नरहनु जस्ता समस्याहरूको पर्यटन क्षेत्रसँग प्रत्यक्ष सम्बन्ध छ । यस समस्याको समाधानको लागि राजनीतिज्ञ, व्यवसायी र समुदायहरू अगाडि आउन र मिलेर भविष्यमा आउन सक्ने विपदको राम्रोसँग सामना गर्न क्षमता विकास गर्नका लागि काम गर्न जरुरी छ ।

हालको प्रायः वर्णनहरू नेपाललाई 'सुरक्षित गन्तव्य' को रूपमा बजारीकरण गर्ने सोचको वरिपरि रहेका छन् । किनकी नेपालको मध्यमाञ्चल मात्र प्रभावित भएको हो र अन्य क्षेत्रहरू सकुशल छन् । यद्यपि, यस विपदसँगै, नेपालको न्यून स्तरको तयारीको बारेमा अन्तर्राष्ट्रिय समुदाय राम्रोसँग सजग भएको छ र यस भूकम्पीय रूपमा सक्रिय क्षेत्रको अन्य भूभागहरू जान पनि आगन्तुकहरू सुरक्षित महशुस गरिरहेका छैनन् । दुर्भाग्यवश, 'नेपाललाई साँच्चै मद्दत गर्नु छ भने यहाँ यात्रा गर्नुहोस् र पर्यटनमा भाग लिनुहोस' भन्ने अपीलको आफ्नै सिमितता हुन सक्छन् । पर्यटन क्षेत्रलाई पुरानै गतिमा ल्याई अघि बढाउनका लागि विपदको राम्रो तयारी र प्रतिक्रियाको लागि कदम चाल्न र सोको बारेमा प्रभावकारी ढंगमा र व्यापक रूपमा बताउन जरुरी छ । त्यसैले  विपदको राम्रो तयारी र प्रतिक्रियाको लागि इमान्दार कदमहरू चाल्नु र ती प्रयासहरूको बजारीकरण गर्नु यस क्षेत्रको पुनर्उत्थानका लागि अत्यन्त महत्वपूर्ण हुन जान्छ । बजारीकरणको यस प्रक्रियामा नेपाली मिसन, गैर-आवसिय नेपाली र नेपालको राहतको चरणमा मद्दत गर्ने समूहहरूलाई परिचालन गर्नु पनि मुख्य कदम हुनेछ । त्यसैगरि, ज्वाइन्ट भेन्चर कम्पनीहरू सम्भावित अवसरहरूको खोज र बहुराष्ट्रिय कम्पनीहरूसँग रणनीतिक सम्बन्ध,  विश्वव्यापी श्रृङ्खलामा रणनीतिक साझेदारी मार्फत माग सृजना, क्षेत्रीय पर्यटनमा समावेश जस्ता रणनीतिहरू उक्त प्रक्रियामा उपयुक्त हुने धारणा सहभागीहरूले व्यक्त गर्नुभयो ।

अर्को तर्फ, यस क्षेत्रमा पहिलेदेखि नै विद्यमान रहेका चूनौतीहरू जस्तै हवाई तथा जमिन सम्पर्कको अभाव, पूर्वाधारहरूको अभाव, विद्युत र पानीको आपूर्ति जस्ता आधारभूत कुराहरूमा समस्या, पर्यटकीय क्षेत्रको व्यवस्थापन क्षमतामा कमी, लगानी आकर्षित गर्न लागि नियामक बाधा-अड्चन आदि सम्बोधन गर्नुपर्छ । पर्यटनसँग सम्बन्धित संस्थाहरू बीचको समन्वयमा सुधार र स्थानीय स्तरका सेवा इकाईको क्षमतामा सुधार यस क्षेत्रको पुनर्उत्थानको प्रक्रियामा महत्वपूर्ण रहने कुरा छलफलमा जनाइयो ।

छलफलमा नेपालको 'छविको पुनःअभिमुखीकरण' पनि आवश्यक रहेको कुरा आयो । ५० र ६० को दशकमा बनेको छविबाट नेपाली पर्यटनले प्रशस्त लाभांश लिइसकेको सहभागीहरूले बताउनुभयो । अब 'मानिसमा आधारित पर्यटन' को छवि विकास गर्नु आवश्यक छ । सार्वजनिक-निजी साझेदारी मार्फत पूर्वाधार विकासका प्रयासलाई तीव्र बनाउनु, विद्यमान पूर्वाधार (जस्तै विमानस्थल) तथा सम्पदा स्थलको  व्यवस्थापन निजी कम्पनीहरूको उपयोग गरी सुधार गर्नु, नियामक बाधा-अड्चन सम्बोधन गरी पर्यटन तथा पूर्वाधार विकासमा स्थानीय तथा विदेशी लगानी आकर्षित गर्नु र पर्यटकीय आर्थिक क्षेत्रहरू निर्माण गर्नु महत्वपूर्ण रहेको कुरा छलफल गरियो ।

## यस पर्यटन सम्बन्धी सत्रमा भएको छलफलबाट बाहिर आएका निष्कर्ष र सुझावहरू निम्नानुसार छन् :

- विपद प्रतिको तत्परता सुधार गर्ने, सुरक्षा मापदण्डहरू सुधार गर्ने र सम्भावित आगन्तुकहरू माझ सो सन्देश पुऱ्याउने । सरकार र सम्बन्धित संघहरूले समुदाय, सरकारी निकाय तथा निजी क्षेत्रका लागि मानक सञ्चालन कार्यविधि तथा सुरक्षा मापदण्ड निर्माण गर्न र कार्यान्वयन गर्नमा ध्यान केन्द्रित गर्ने । यी मापदण्डहरू बनाउँदा स्थानीय समुदायहरू, विशेषगरि पदयात्रा मार्गमा भएकालाई सहभागी गराउनु पर्छ । सुरक्षा स्तरोन्नति गर्न भएका यी प्रयासहरू बारे सम्भावित आगन्तुकहरूलाई राम्रोसँग बताइनुपर्छ । त्यसैले अन्तर्राष्ट्रिय स्तरमा विशाल प्रवर्द्धन गर्नु आवश्यक छ । यसका लागि हामीले नेपाल सरकारको विदेशमा भएका मिशनहरू, गैर-

आवासीय नेपाली समुदायहरू परिचालन गर्न सक्छौं । राम्रोसँग योजना गरिएका सञ्चार अभियान (मिडिया क्याम्पेन) अन्तर्राष्ट्रिय सञ्चार माध्यममा प्रकाशित गरेमा पनि यी लक्ष्यहरू हासिल गर्न मद्दत पुग्छ ।

- संकटको समयमा तथ्यको प्रमाणीकरण र वस्तुस्थिति तथा सूचनाको भरपर्दो र निरन्तर प्रवाह गर्नका लागि कुनै विश्वसनीय संस्थालाई जिम्मेवारी दिने । यस्तो संयन्त्रलाई व्यापक रूपमा प्रचार गरिनु पर्छ ताकि आपतकालिन अवस्थाको लागि तत्परता हाम्रो उच्च प्राथमिकता हो भन्ने कुरामा पर्यटकहरू सुनिश्चित हुन सकून ।

- अन्तर्राष्ट्रिय सञ्चार माध्यम बुद्धिमतापूर्वक र कुशलतापूर्वक प्रयोग गरी अन्तर्राष्ट्रिय श्रोतालाई नेपाल पुनर्निर्माणको हाम्रो प्रयास बारे जानकारी दिने । हाम्रो सुरक्षा सम्बन्धित प्रयासहरूको प्रचार गर्नका लागि विदेशी पत्रकारहरू र सञ्चार माध्यमलाई नेपाल बोलाई नेपालको पुनर्निर्माणको प्रयास र आफ्ना जनता तथा पर्यटकको सुरक्षाका लागि नेपालको प्रतिवद्धता झल्कने किसिमका समाचारहरू लेख्न आग्रह गर्ने । यस प्रकारको अभियान नेपाल पर्यटन बोर्डले सुरु गर्न सक्छ र विशेषगरि भारतीय र चिनीयाँ बजारलाई लक्षित गर्न सक्छ किनकी यी देशहरूबाट आउने पर्यटकको संख्या विगतका वर्षहरूमा वृद्धि भइरहेको छ ।

- पूरै वर्षको लागि बहुप्रवेशद्वार (मल्टिपल एन्ट्री) प्रवेशाज्ञा दिने

- पदयात्राका लागि नयाँ मार्गहरू र आरोहणका लागि नयाँ हिमचुलीहरू खुला गर्ने

- पर्यटन व्यवसायमा भएका बहुराष्ट्रिय कम्पनीहरूलाई नेपालमा शाखा खोल्न प्रोत्साहन गर्ने ताकि उनीहरूले आफ्नो व्यवसायको केही मात्रा नेपालमा पनि लिएर आऊन् । यो पूरा गर्नका लागि, नेपालले पर्यटन सेवा र पूर्वाधारमा लगानीको प्रवाहमा बाधा पुऱ्याउने किसिमका नियामक प्रक्रियाहरूलाई सहज बनाउनु पर्छ । यस अन्तर्गत होटलको साथमा पदयात्रा तथा  भ्रमण सञ्चालनमा पनि अन्तर्राष्ट्रिय लगानी खुला गर्नुपर्छ । त्यसै गरी, हामीले निश्चित पर्यटकीय गन्तव्य/आकर्षणको व्यवस्थापन पनि विदेशी कम्पनीहरूलाई दिन सक्छौं ।

- पुनर्निर्माणको प्रक्रियामा वास्तुगत र साँस्कृतिक मूल्य, मान्यता कायम राख्ने, वित्तीयनको असल विकल्प रोज्ने, तथा भविष्यका विपदका लागि तत्परता कायम गर्ने जस्ता मुख्य मुद्दाहरू सम्बोधन गर्ने । यो विशेषगरी सम्पदा स्थलहरूको पुनर्निर्माणको हकमा लागु हुन्छ । सम्पदा स्थलहरू विशेषगरी, काठमाडौं उपत्यकाका तीन दरबार क्षेत्रहरूको पुनर्निर्माणको कार्यमा स्थानीय समुदाय र तिनको स्थानीय शिल्पमा भएको दक्षतालाई पनि उपयोग गर्न जरुरी छ ।

## सत्र ४(ख): निजी लगानी वृद्धि गर्नका लागि तत्काल आवश्यक आर्थिक सुधार

**निजी लगानी सम्बन्धी यो सत्रको छलफल निम्न प्रश्नहरूको उत्तर खोज्नमा केन्द्रित रह्यो:**

- यस अवस्थामा कस्ता किसिमका नीतिहरूले नेपालमा निजी लगानी वृद्धि गर्न मद्दत गर्न सक्छन् ?

- लगानी लघु, साना तथा मझौला उद्योगहरू सम्म पुगोस् भनेर सुनिश्चित गर्नका लागि कस्ता संस्थागत संयन्त्रहरू हुनुपर्छ ?

- निजी क्षेत्रको लगानीलाई नेपालको पुनर्निर्माणको चरणमा सहभागी हुनका लागि हामीले के-कस्ता स्थान सृजना गर्न सक्छौं ?

विश्व बैंकका अनुसार सन् २०१३ मा कुल स्थिर पूँजी निर्माणमा निजी क्षेत्रको हिस्सा करिब १८ प्रतिशत रहेको थियो [38]। नेपालमा स्वदेशी र विदेशी लगानी सहितको निजी लगानीको मात्रा बढ्दो छ । यद्यपि, सन् २०१४ सम्ममा कुल वैदेशिक लगानीको परिमाण भने केबल रु ११३ अर्ब मात्र पुगेको छ[39] । तर पनि जलविद्युत, पर्यटन र कृषि जस्ता क्षेत्रको लगानी सम्भाव्यता हेर्दा देशमा हाल भएको निजी क्षेत्रको लगानी कुल सम्भावनाको सानो हिस्सा मात्र हो । अहिले सम्म, कृषि, पर्यटन, जलविद्युत, शिक्षा, बैंकिङ्ग तथा वित्तीय संस्थाहरू जस्ता क्षेत्रहरूमा निजी क्षेत्रको सहभागिता उच्च रहेको छ । धेरै देशका वैदेशिक लगानीकर्ताले नेपालमा लगानी गर्न उत्सुकता देखाएका छन् र नियामक सुधारहरू भएमा स्वदेशी निजी क्षेत्रबाट पनि थप लगानी हुने सम्भावना देखिन्छ ।

नेपाल सरकारले नेपालको पुनर्निर्माणका लागि कोष बनाउनका लागि दाता समुदायलाई लक्षित गरिरहेको अवस्थामा, उपयोग नगरिएको, प्रशस्त सम्भावना भएको निजी लगानी छ जसले पर्याप्त ध्यान पाउन सकिरहेको छैन् । यस सत्रका वक्ताहरूले नेपालमा निजी क्षेत्रको लगानी अभिवृद्धि गर्नका लागि सरकारले रणनीति बनाउन आवश्यक रहेको कुरा बताउनुभयो ।

देशमा निजी क्षेत्रको लगानी बढाउनका लाीग, वित्तीय नविनताका लागि पूँजी बजार खुला गरिनु महत्वपूर्ण रहेको तर्क गर्नुभयो । उद्यम पुँजी (भेन्चर क्यापिटल) जस्ता व्यवस्थित निजी इक्वीटी कोषहरूबाट लघु, साना तथा मभ्mौला उद्योगहरूले फाइदा लिन सक्छन् । त्यसैगरि, प्रिमियममा शेयर निष्काशन गर्ने प्रक्रिया सहज बनाउन सकियो भने धेरै संस्थापकहरू विद्यमान कम्पनीहरूमा भएको आफ्नो शेयर बेचेर नयाँ उद्यम सुरु गर्न ईच्छुक हुन सक्छन् । नेपालमा पूँजी निर्माण गर्ने यो अर्को उपाय हुन सक्छ । अर्थतन्त्रमा निजी लगानी डेरिभेटिभ ट्रेडिङ्ग, कमोडिटी बजार र सामूहिक कोष (म्यूचल फण्ड) जस्ता वित्तीय उपकरणको मार्फत पनि बढाउन सकिन्छ । यी सबै वित्तीय उपकरण/साधनहरू नेपालमा विकासको सुरुवाती चरणमा छन् र नेपालमा यीनको विस्तार र प्रभावकारिता बढाउन नियामक निकायहरूको गम्भीर ध्यान पुग्न जरुरी छ । यदि स्वदेशी कम्पनीहरूले अन्तर्राष्ट्रिय कम्पनीहरूसँग साभ्mेदारी गरे भने पनि निजी क्षेत्रको लगानी अभिवृद्धि गर्न सकिन्छ । यसले स्वदेशी कम्पनीहरूको संस्थागत शासनमा सुधार ल्याउनुका साथै नेपालमा थप लगानी ल्याउन पनि मद्दत गर्दछ ।

नेपालमा नियमनको बोभ्m कम गरी र जवाफदेहिताका उपायहरू मार्फत आर्थिक शासन सुधार गरी प्रत्यक्ष वैदेशिक लगानीको आगमन र बर्हिगमनलाई सहज बनाउन जरुरी रहेको कुरा पनि छलफलको क्रममा उठ्यो ।

वक्ता र सहभागीहरूले पुनर्निर्माण र पुनर्उत्थानमा निजी लगानी प्रवर्द्धन गर्ने उपाय स्वरूप प्रभावित क्षेत्रमा लगानी गर्ने कम्पनीहरूलाई कर छुट वा कर होलिडे जस्ता विशेष उत्प्रेरणाहरू दिन सकिने सम्भावनका बारेमा पनि छलफल गर्नुभयो । त्यसैगरि, सहभागीहरूले पूर्वाधारमा गरिने लगानी बजारको सम्पर्क बढाउने माध्यम रहेको जसले अर्थतन्त्रमा थप लगानी निम्त्याउने कुरा उल्लेख गर्नुभयो । पूर्वाधारकै विकासमा पनि, सहभागीहरूले विभिन्न निजी-सार्वजनिक साभ्mेदारीका ढाँचाहरू मार्फत निजी लगानी ल्याउन सकिने विकल्प रहेको व्यक्त गर्नुभयो ।

सहभागीको विचारमा नेपालमा, विशेषगरि ग्रामीण क्षेत्रहरूमा, निजी लगानी वृद्धि गर्नका लागि लघु, साना तथा मभ्mौला उद्योग लक्षित उद्यमशिलता अत्यन्त महत्वपूर्ण रहेको छ । त्यसैले, उद्यमशिलतालाई प्रोत्साहन गर्ने र ग्रामीण क्षेत्रहरूमा वित्तीय पहुँच सहज बनाउने नीतिहरूको नेपालको आर्थिक पुनर्उत्थानको रणनीतिको लागि अत्यन्त महत्वपूर्ण रहको कुरा सहभागीहरूले जिकिर गर्नु भयो । उद्यमशिलता लगानी वृद्धि गर्नका लागि मात्र नभई नविनता र जोखिम मोल्ने स्वभाव प्रवर्द्धन गर्नका लागि पनि महत्वपूर्ण मानिएको थियो ।

**यस छलफलबाट बाहिर आएका सुभ्mावहरू सारसंक्षेप निम्नानुसार प्रस्तुत गरिएको छः**

- नेपाल धितोपत्र बोर्डको क्षमता वृद्धि गर्ने र यसको क्षेत्राधिकार स्पष्ट पार्ने (विशेषगरि नेपाल धितोपत्र बोर्ड र नेपाल राष्ट्र बैंकको क्षेत्राधिकार सम्बन्धी अन्यौलको बारेमा)। नेपाललाई निजी इक्वीटी लगानी (स्वदेशी तथा

38 विश्व बैक । http://data.worldbank.org/indicator/NE.GDI.FPRV.ZS बाट लिइएको ।

39 http://www.ekantipur.com/2014/02/17/business/total-foreign-investment-in-nepal-reaches-rs-113b/385461.html बाट लिइएको .

विदेशी लगानीकर्ताबाट) , कमोडिटी बजार र डेरिभेटिभ बजारलाई अनुमति दिने किसिमको उपयुक्त नियामक रूपरेखा र शेयर बजारका केही नियमहरूमा परिवर्तनको आवश्यकता छ। यी सबै नेपालको पूँजी बजार खुला गर्ने तर्फका कदमहरू हुन्।

- आर्थिक रूपमा सक्रिय नागरिकहरूको बचतको सदुपयोग गर्न सामूहिक कोषहरूलाई प्रोत्साहन गर्ने। यसले जोखिमलाई विविधिकरण गर्न र विभिन्न उद्यमीहरूलाई वित्त सम्मको पहुँच पुऱ्याउन मद्दत गर्छ।

- निरीक्षणका उपायहरू स्पष्ट पारेर र प्रभावकारी शासन प्रणाली मार्फत नियामक संयन्त्रलाई सशक्त बनाउने। नेपालको आर्थिक शासन सुधार गर्ने उपायहरूमा कर्मचारीतन्त्रका बाधा-अडचनहरू घटाउने, डाटाबेस तथा सूचना प्रणालीहरूलाई सरल बनाउने, शासनको अनुगमनको पक्षमा ध्यान केन्द्रित गरी त्यसलाई सशक्त बनाउने ताकि कानून र नियमनहरू सहज बनाउन सकियोस तर छलकपट तुरुन्त पत्ता लगाउन र कारवाही गर्न सकिने जस्ता कदमहरू पर्दछन्। यी कदमहरूले आर्थिक शासनमा रहेको भ्रष्टाचार निर्मुलन गर्नमा नेपाल सरकारको प्रतिवद्धता झल्काउँछन्।

- न्यायिक सुधार मार्फत करार कार्यान्वयनलाई सशक्त बनाउने र साथमा अदालतहरूमा उत्कृष्ट कानूनी कर्मचारी सहितको छुट्टै व्यवसायिक बेन्च स्थापना गर्ने।

- प्रभावित क्षेत्रका लघु, साना तथा मझौला उद्योगहरूलाई लक्षित निजी इक्वीटी कोषहरू निर्माण गर्न दिने गरीको नियामक संयन्त्र स्थापना गर्ने।

- भूकम्प प्रभावित क्षेत्रमा उद्यमशिलताको सीप विकास गर्ने किसिमका अभियान तथा कार्यक्रमहरू सुरु गर्न नागरिक समाजलाई प्रोत्साहित गर्ने।

- सम्भव भएको हदसम्म पूर्वाधार निर्माण गर्न निजी लगानी प्रयोग गर्ने। यसको लागि सार्वजनिक-निजी साझेदारीको स्पष्ट नीतिगत खाका र सुधारिएको सार्वजनिक खरिद ऐन र दुई पक्ष बीच प्रतिफलको बाँडफाँड सम्बन्धी स्पष्ट बुझाई आवश्यक पर्दछ। नेपालमा थप लगानी आकर्षित गर्नका लागि नेपाल सरकारले परियोजना विकास गरी अन्तर्राष्ट्रिय लगानीकर्ताहरू माझ परियोजनाको बोली लगाउन आमन्त्रण गर्न पनि सक्छ।

## आर्थिक पुनर्उत्थान र वृद्धिका लागि समग्र परिकल्पना

**दुई दिनको विचार-विमर्शले पुनर्निर्माणको योजनाका निश्चित विशेषताहरू माथि प्रकाश पार्‍यो, जसले आर्थिक पुनर्उत्थान र वृद्धिमा मद्दत पुऱ्याउनेछन्। त्यसैले, पुनर्निर्माण र पुनर्उत्थानको समग्र परिकल्पनामा निम्न कुराहरू समावेश गर्न जरुरी छ :**

- नेपाली अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेका लघु, साना तथा मझौला उद्योगहरूलाई प्राथमिकता

- समग्र पुनर्निर्माणको प्रक्रियामा निजी क्षेत्रलाई संलग्न गराउन र निजी क्षेत्रको लगानी वृद्धि गर्नका लागि रणनीति

- समुदायहरूको वस्तुस्थिति र मागहरू बुझ्ने र तिनको सम्बोधन गर्ने नीतिगत अभियान र प्रभावित क्षेत्रहरूको भूगर्भ, सामाजिक, साँस्कृतिक र आर्थिक वस्तुस्थिति जस्ता कुराहरू समावेश गर्ने समग्र सोच तथा पद्धति

- नविनता र नयाँ प्रयोगहरूको लागि स्थान

- शिघ्र निर्णय गर्ने प्रणाली र राम्रो शासन

# निष्कर्ष

यो दुई दिने विचारको बजार सम्मेलन अत्यन्त सफल रह्यो किनकी छोटो समयावधिमै, वृहत तयारी विना नै आयोजना गरिएको कार्यक्रम भएता पनि नेपाली समाजका विभिन्न खण्डका प्रतिनिधिहरूको यसमा सहभागिता रह्यो। यस कार्यक्रमले सञ्चार माध्यमहरू पनि राम्रो स्थान पायो। सम्मेलनको उद्घाटन समारोहमा प्रमुख अतिथिका रूपमा उप-प्रधानमन्त्री तथा गृह मन्त्रीको पनि उपस्थिति रहेको थियो। उप-प्रधानमन्त्री ज्यूले सरकार र यसका निकायहरूद्वारा भइरहेका उद्धार तथा राहत कार्यका प्रयासमाथि प्रकाश पार्नुभयो। उहाँले जारी रहेका प्रयासहरू र सरकारले लिन गइरहेको सुरक्षाका उपायहरू सम्बन्धित भविष्यका योजनाहरूका बारेमा पनि बताउनुभयो। उहाँले सहभागीहरूलाई ठोस र व्यवहारिक सुझावहरू दिन आग्रह गर्नुभयो।

विचार-विमर्शमा नेपाल सदा प्राकृतिक प्रकोपको जोखिममा रहिआएको भएता पनि यस स्तरको प्राकृतिक विपद कसैको सम्झनामा नरहेको कुरामा सर्वसम्मति थियो। भूकम्प प्रतिको हाल सम्मको प्रतिक्रिया प्रभावकारी रहेको छ। सुरक्षा बल, अस्पताल, स्वास्थ्यकर्मी, युवा स्वयंसेवक जस्ता विभिन्न समूहहरूले सराहनीय काम गरेका छन् र प्रभावित जनताबाट प्रशंसा पनि बटुलेका छन्। सहायता दिनमा अन्तर्राष्ट्रिय समुदाय र विशेषगरि हाम्रा छिमेकी देशहरू चुस्त र उदार रहे। पुनर्निर्माण र पुनर्स्थापनाको प्रक्रियालाई केहि समय लाग्ने र यसलाई वृहत तयारीको आवश्यकता पर्ने कुरामा सर्वसम्मति रह्यो।

यदि हामीले आर्थिक वृद्धि र विपदको तत्परता लक्षित सुधारहरूलाई संस्थागत गर्न सक्ने हो भने यो भूकम्प नेपालको आर्थिक इतिहासमा नयाँ मोड हुन सक्छ। क्षति भएको संरचनाको पुनर्निर्माण र नयाँ तथा बढी सुरक्षित संरचना तथा प्रणालीहरूको स्थापनाको प्रक्रियामा सबै सरोकारवालाहरूलाई संलग्न गराउन आवश्यक रहेको कुरामा पनि सहमति रह्यो। समुदायहरू, विशेषगरि उक्त प्रणाली तथा संरचना प्रयोग गर्ने समुदायहरू, उपायको परिकल्पना देखि परियोजना तथा कार्यक्रमको कार्यान्वयनसम्म नै संलग्न हुन अत्यन्त जरुरी छ।

निजी क्षेत्रको नविनतम आविष्कार तथा उद्यमशिलता क्षमता प्रयोग गर्न आवश्यक रहेको कुरामा विचार बजारको यस सम्मेलनको सम्पूर्ण कार्यक्रम भरी जोड दिइयो। यस भूकम्पलाई व्यवसायमा नविनता ल्याउन दिने किसिमका र अन्य सुधारहरू अघि बढाउनका लागि प्रयोग गर्न सकिन्छ। सहभागीहरूले स्थानीय रूपमा उपलब्ध ज्ञान र स्रोतहरूको प्रयोग गर्नमा र विश्वभरका अनुभवहरूबाट प्राप्त ज्ञान मध्ये केले काम गर्छ र केले काम गर्दैन भन्ने पाठ पनि समावेश गर्न जोड दिनुभयो।

यस्तो संकटको समयमा सरकारबाट ठूलो आशा रहेको थियो। सरकार र यसका निकायहरू पनि प्रभावित जनतालाई सहायता प्रदान गर्न प्रतिवद्ध रहेका थिए। प्रभावित जनसंख्यामा निर्भरतामुखी मनोविज्ञान आउला कि भन्ने डर थियो। त्यसैले सञ्चार माध्यम र राय निर्माताहरूलाई अपेक्षा नचुल्याउन आग्रह गरिन्छ। आखिरमा, नेपाली जनताको परिश्रम नै सबैभन्दा महत्वपूर्ण हुन्छ। विदेशी मित्रहरूले आएर निश्चित संरचनाहरू विकास गर्नमा मद्दत गर्न सक्लान तर नेपाललाई विकसित समाजमा रूपान्तरण गर्न सक्दैनन्।

विचारहरूको बजार सम्मेलन निष्कर्ष सत्र सहित अन्त्य भयो जसमा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष ज्यू प्रमुख अतिथि हुनुहुन्थ्यो। उहाँलाई सम्मलेनको प्रारम्भिक प्रतिवेदन उपलब्ध गराइएको थियो र उहाँले यस सम्मेलनमा आएका विचारहरू सरकारले दाता सम्मेलन (जुन २०७२ असार १० गतेका दिन सम्पन्न भयो) को तयारी गर्दा ध्यानमा राख्ने आश्वासन दिनुभयो।

उक्त विचारहरूको बजार सम्मेलन सबै आयोजक, साझेदार र नलेज साझेदारहरूबीच नेपालको पुनर्निर्माणको प्रक्रियामा थप सहकार्य गर्ने सहमति सहित सफलतापूर्वक सम्पन्न भयो।

# अनुसूची

## 11 JUNE, THURSDAY | 2015

## INSTITUTIONAL MECHANISM FOR DISASTER PREPAREDNESS AND MANAGEMENT

8.00 - 9.00 Registration
9.00 - 10.00 Welcome and Introduction

Welcome - Yogesh Bhattarai,Central Committee Member, CPN (UML); Member, Nepal Leader's Circle (NLC)

Objectives by Session Chair - Hon'ble Gagan Thapa, Member, Constituent Assembly Nepal; Member, Nepal Leader's Circle (NLC)

Keynote address by Prof. Dr. Pitambar Sharma, Former Vice Chairperson, National Planning Commission.

Address by Chief Guest - Hon'ble Bam Dev Gautam, Deputy Prime Minister, Minister of Home Affairs, Government of Nepal

### 10.15 – 01.15 PARALLEL SESSIONS

#### Session 1A: Hall 2
Search & Rescue Operation

SPEAKERS:
- Keshar Bahadur Bhandari
  *Brigadier General, Nepal Army (Ret.)*
- Sanat K. Basnet
  *Former IGP, Armed Police Force*
- Dr. Dwarika Nath Dhungel
  *Former Secretary, GoN*
- Dr. Govinda Thapa
  *Former AIG, Nepal Police*
- Mukti Prasad Kafle
  *Former Secretary, GoN*
- Nirjan Rai, Executive Director,
  Niti Foundation (Session Chair)

#### Session 1B: Hall 3
Relief Operations

SPEAKERS:
- Brabim K. K.C
  *President, Association of Youth Organizations Nepal*
- Nayantara Gurung Kakshapati
  *Managing Director, Yellow House Team*
- Bharati Pathak
  *General Secretary, FECOFUN*
- Roshendra Dhoj Khadka
  *Member, Executive team, Help Nepal Network*
- Ganga Dutta Awasthi
  *Former Acting Secretary, MoLD*
- Hon'ble Uday Samsher Rana,
  CA Member; member, NLC (Session Chair)

#### Session 1C: Hall 1 (Auditorium)
Post Disaster Reconstruction

SPEAKERS:
- Surya Narayan Shrestha
  *Deputy Executive Director, NSET*
- Kishore Thapa
  *Former Secretary, Urban Development*
- Hon. Ichhya Raj Tamang
  *CA Member, Real Estate Entrepreneur*
- Padma Sunder Joshi
  *Programme Manager, UN Habitat*
- Lajana Manandhar
  *Executive Director, Lumanti*
- Hon'ble Gagan Thapa,
  CA Member; Member, NLC (Session Chair)

### 02.45: 05.45 PARALLEL SESSIONS

#### Session 2A: Hall 1 (Auditorium)
Managing Public Service

SPEAKERS:
- Dr. PP Sharma
  *Psychiatrist, Om Hospital*
- Dr. Saroj Dhital
  *Founding Member, Public Health Concern Trust*
- Dr. Sameer Mani Dixit
  *Research Scientist, CD, CMDN*
- Shisir Khanal
  *Founder/CEO, Teach for Nepal*
- Janardan Nepal
  *Former Secretary, GoN (Education)*
- Khem Raj Nepal
  *Former Secretary, MoLD*
- Thakur Gaire,
  CPN (UML); Member, NLC (Session Chair)

#### Session 2B: Hall 2
Managing Public Infrastructure

SPEAKERS:
- Purna Kadariya
  *Former Secretary, Department of Physical Planning*
- Khadga Bishta
  *President, IPPAN*
- Kamal Raj Pande
  *Former Secretary, GoN*
- Hon'ble Rabindra Adhikari,
  CA Member; Member, NLC (Session Chair)

#### Session 2c: Hall 3
Inter-institutional coordination, data management & media

SPEAKERS:
- Bidhan Rana
  *Co-Founder, Biruwa Ventures*
- Bhoj Raj Pokharel
  *Former Chief Election Commissioner*
- Kiran Nepal
  *Editor, Himal*
- Charu Chadda,
  Editor, Business 360 (Session Chair)

## 12 JUNE, FRIDAY | 2015

# ECONOMIC REVIVAL & ECONOMIC GROWTH

8.00 - 9.00 Registration

### 9.00 – 12.00 PARALLEL SESSIONS

**Session 3A: Hall 1 (Auditorium)**
Financing reconstruction and rehabilitation

SPEAKERS:

- Prof. Dr. Bishwambher Pyakuryal
  *Senior Economist*
- Dr. Yuba Raj Khatiwada
  *Former Governor, Nepal Rastra Bank*
- Shovan Dev Pant
  *CEO, Lumbini Bank Ltd.*
- Dr. Hemant Dabadi
  *Senior Fellow,*
  *Samriddhi, The Prosperity Foundation*
- Deependra Bahadur Kshetry
  *Former Governor, Nepal Rastra Bank*

- Hon'ble Rabindra Ahikari,
  CA Member; Member, NLC (Session Chair)

**Session 3B: Hall 2**
Economic Revival: Agriculture

SPEAKERS:

- Dr. Hari K. Upadhayaya
  *Founder & Exec. Chairperson, CEAPRED*
- Anand Bagaria
  *MD,Nimbus Holdings P. Ltd.*
- Dr. Dev Bhakta Shakya
  *Agriculture Expert*
- Prem Lama
  *Proprietor, Ashapuri Organic Pvt. Ltd*
- Ram Chandra Khanal
  *Director, Nepal Krishi Company*

- Hon'ble Uday Rana,
  CA Member; Member, NLC (Session Chair)

**Session 3c: Hall 3**
Economic Revival: Trade, MSMEs

SPEAKERS:

- Dr. Lakshman Pun
  *Chief Technical Advisor, MEDP*
- Kuber Chalise
  *Business Bureau Chief, Annapurna Post*
- Rita Bhandary
  *President, FWEAN*
- Pavitra Bajracharya
  *President, Nepal Retailers' Association*
- Bhoj Raj Bashyal
  *Deputy GM, Nirdhan Utthan Bank Ltd*
  *Dr. Ganesh Gurung,*
  *Former Member, National Planning Commission*
- *Dileep Agrawal,*
  *CEO, World Links Communications; Member,NLC (Session Chair)*

12.00 - 1.30 Lunch

### 01.30 : 04.30 PARALLEL SESSIONS

**Session 4A: Hall 3**
Economic Revival: Tourism

SPEAKERS:

- Yogendra Shakya
  *Tourism Entrepreneur*
- Prachanda Man Shrestha
  *Tourism Expert*
- Anil Chitrakar, President
  *Siddharth Inc.*
- Rabindra Puri
  *Founder, Rabindra Puri*
  *Foundation for Conservation*

- Hon'ble Rabindra Adhikari,
  CA Member, Member, NLC (Session Chair)

**Session 4B: Hall 2**
Immediate economic reforms to increase private investment

SPEAKERS:

- Pradeep K. Shrestha
  *Former President, FNCCI*
- Anil K. Shah
  *CEO, Mega Bank*
- Tim Gocher
  *Founder, Dolma Impact Fund*
- Sohan B. Khatri
  *Founder, Three H Management*
- Hari B. Sharma
  *Vice President, CNI*
- Kush K. Joshi
  *Former President, FNCCI*

- Deependra Tandon,
  CEO, Business Advantage Group,
  Member NLC (Session Chair)

04.30 – 05.00 Break

### 05.00 – 06.30 Snapshot of conference discourse & Closing

Presentation of Findings - Hon'ble Rabindra Adhikari,
CA Member; Member, NLC (Session Chair)

Comments - Hon'ble Udaya S. Rana
CA Member; Member, NLC

Comments - Hon'ble Gagan Thapa,
CA Member; Member, NLC

Address by Chief Guest - Hon'ble Dr. Govinda Raj Pokharel,
Vice Chairperson, National Planning Commission,
Government of Nepal

# More from Samriddhi...

01. Towards Enterprise Building in Nepal
02. Towards Enterprise Building in Nepal (Vol. II)
03. Towards Enterprise Building in Nepal (Vol. III)
04. उद्यमशीलता विकासः हाते पुस्तिका
05. Economic Growth: a pocketbook series
    i. आर्थिक स्वतन्त्रता
    ii. उद्यमशीलता विकासमा बजारको भूमिका
    iii. बजारका गुणहरु
    iv. Role of Rule of Law in Enterprise Building
    v. Role of Government in Enterprise Building (Vol. I)
    vi. Role of Government in Enterprise Building (Vol. II)
06. Economic Growth and The Private Sector of Nepal
07. दासत्वको बाटो (Nepali Translation of "The Road to Serfdom")
08. Nepal Economic Growth Agenda (NEGA), Report 2012
09. Critical Constrains to Economic Growth of Nepal
10. Investment Prospects and Challenges for Hydropower Development in Nepal
11. Review & Overview of Economic Contribution of Education in Nepal
12. Private Sector Participation in Transport Infrastructure Development in Nepal
13. Review & Overview of Economic Contribution of Tourism Sector in Nepal
14. Review of Agriculture Sector & Policy Measures for Economic Development in Nepal
15. Contract Enforcement: The Practicalities of Dealing with Commercial Disputes in Nepal
16. Foreign Direct Investment: Towards Second Generation of Reforms
17. Industrial Relations An Institutional Analysis
18. Doing Business in Nepal: Ground Realities
19. Analysis of the Performance of the Public Enterprises
20. Policy Options for Improving Industrial Relations in Nepal
21. Policy Options for Improved Electricity Transmission System in Nepal
22. Policy Options for Public Enterprises reform in Nepal: A look at two public enterprises
23. Economic Freedom Matters : Does Economic Freedom Effect Kirana Pasals in Nepal
24. Competition Watch in Key Growth Sectors of Nepalese Economy
25. Foreign Investment Policy and its implications to investors – Policy Brief
26. 'वैदेशिक लगानी र आर्थिक समृद्धि': बिसएक कार्यपत्र
27. Macroeconomic Policy Direction for a Prosperous Nepal
28. Discussion Paper on Promoting Investment in Sustainable Energy Soultions for Nepal
29. Discussion Paper on Promoting Investment in Agriculture Sector in Nepal
30. Discussion Paper on Promoting Investment in Tourism Industry in Nepal
31. Background Paper on Economic Aspirations and Policy Priorities
32. Nepal's Foreign Investment Policy and its Implication to Investors
33. Trade Study Series: A Look at Petroleum and Fertilizer Supply in Nepal

*All the publications are available in Samriddhi, The Prosperity Foundation and major bookstores in the country.*

www.samriddhi.org
www.nitifoundation.org